# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३३९ | काठमाडौं | आइतबार, २६ चैत २०७९ | Prabhab National Daily | Sunday, 09 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## टिआरसी विधेयकसम्बन्धी छलफलमा जुटेन सहमति



**काठमाडौं (प्रस)-** संसद्मा विचाराधीन संक्रमणकालीन न्याय निरूपण (टिआरसी) सम्बन्धी विधेयकलाई द्रुतमार्ग (फास्टट्र्याक) बाट पारित गर्ने विषयमा शीर्ष नेताबीच सहमति जुट्न सकेन । सभामुख देवराज घिमिरेको पहलमा शनिबार सिंहदरबारस्थित उनकै कार्यकक्षमा शीर्ष नेताहरुबीच छलफल भएको थियो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच शनिबार भएको छलफलमा सहमति जुट्न नसकेको हो । प्रधानमन्त्री दाहालले संसद्मा दर्ता भएका बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ लाई द्रुतमार्गबाट पारित गराउने प्रस्ताव राखेका थिए ।

उक्त प्रस्तावलाई प्रमुख प्रतिपक्ष दल एमालेका अध्यक्ष ओलीले अस्वीकार गरेका थिए । प्रमुख विपक्षी दलका नेता ओलीले टिआरसीलाई पहिले संसदीय समितिमा लैजानुपर्ने अडान राखेका थिए ।

बैठकपछि पत्रकारसँग कुरा गर्दै एमाले अध्यक्ष ओलीले भने, 'सदनका काम कारबाहीलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा नै छलफल भयो, यो प्रारम्भिक छलफल हो, छलफल सकारात्मक छ, टिआरसीको विषयलाई समितिमार्फत लैजानुपर्ला ।'

प्रधानमन्त्री दाहालले द्रुतमार्गबाट पारित गर्ने प्रस्तावमा एमालेले नमानेपछि विज्ञको सहायतामा बीचको बाटो खोज्ने प्रयास भइरहेको जानकारी दिए । प्रधानमन्त्री दाहालले भने, 'खासगरी यो टिआरसीसम्बन्धी वियेयक, संवैधानिक परिषद् र सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयकलाई राष्ट्रको निम्ति जतिसक्दो चाँडो टुंग्याउन जरुरी छ भन्ने विषयमा गम्भीर छलफल भयो, त्यसमा सहमति बनाउने भन्ने विषयमा सैद्धान्तिकरुपमा सहमत नै छौं, तर यसका केही प्राविधिक पक्ष पनि छन् ।' शीर्ष नेतृत्वमा सोही विषयमा चैत २८ गते पुनः छलफल हुने जानकारी दिइएको छ ।

### माधव नेपाललाई पिर

# नेता कि पार्टी जोगाऔं ?

- एस छाड्नेको लर्कोले नेता जोगाउन हम्मे
- 'पिँध नभएको बाल्टी'सँग माधव नेपालको तुलना

सांसदका लागि झगडा गर्ने, सांसद पाउनासाथ मन्त्री पाउन लफडा गर्ने, जति खाए पनि नअघाउने र जति भरे पनि नभरिने प्रवृत्ति देखियो ।

■ **मुकुन्द न्यौपाने**
एस परित्याग गर्ने नेता

—ooo—

विचार मिल्ने दल छान्ने, त्यहाँ रहने र छाड्न त जसले पनि पाइन्छ नि । कमरेड न्यौपानेले त्यही गर्नुभयो ।

■ **जयन्ती राई**
उपाध्यक्ष, नेकपा एस

एस छाड्ने केन्द्रीय नेता



**केदार न्यौपाने**
उपाध्यक्ष

**मुकुन्द न्यौपाने**
वरिष्ठ नेता

**चुडामणि जंगली**
स्थायी कमिटी सदस्य

■ **जेबी योञ्जन**

**काठमाडौं-** नेकपा एकीकृत समाजवादी (एस) पार्टीभित्र चरम असन्तुष्टि देखिन थालेको छ । सत्ता र शक्तिका लागि पार्टी अध्यक्ष माधवकुमार नेपालले राजनीतिक रूपमा वर्ग शत्रु किटान गरिएको दल नेपाली कांग्रेससमेत रहेको गठबन्धन दलहरूसँग लगातार सहकार्य गर्दा पार्टीभित्र असन्तुष्टि बढेको हो । असन्तुष्ट भएका नेताहरू विस्तारै नेकपा एमालेतिर जाँदै छन् । जुन उनीहरूको २ भदौ २०७८ भन्दा अघिको दल पनि हो ।

शनिबार एसका वरिष्ठ नेता मुकुन्द न्यौपानेले दल त्याग गरे । उनी २८ जेठ २०३२ मा सिपी मैनालीको नेतृत्वमा गठित को-अर्डिनेसन केन्द्रको संस्थापकमध्येका एक जना नेता पनि हुन् । उनले सुस्ता महेशपुर, कालापानीलगायतका नेपाली भूमिमा भारतले 'बम अतिक्रमण' गर्दा राष्ट्रियताको आवाज उठाएका थिए ।

नेपालको २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी स्थापनापछि सार्वजनिक कम्युनिस्ट घोषणापत्रमा कांग्रेसलाई वर्ग शत्रु किटान गरिएको र हालसम्म पनि कांग्रेसप्रतिको राजनीतिक बुझाइ समान रहँदा उक्त दलसँग सहकार्य वा कार्यगत एकता गर्न नहुने न्यौपानले मत राख्दै आएका थिए । उनको विचारमा कांग्रेसको तुलनामा एमाले धेरै प्रगतिशील दल हो । उक्त दलसँग एकता गर्नुपर्ने न्यौपानेले यसअघि एसको पदाधिकारी र सचिवालय बैठकमा पटक-पटक राखेका थिए । यसै विषयलाई लिएर अध्यक्ष नेपालले उनीसँग स्पष्टीकरण सोधेका थिए । स्पष्टीकरणले झन रुष्ट बनेका न्यौपानेले शनिबार पत्रकार सम्मेलन गरी अध्यक्ष नेपालको गम्भीर आलोचना गरेका छन् । उनले नेपालको तुलना 'पिँध नभएको बाल्टी'सँग गरे ।

विज्ञप्तिमार्फत उनको टिप्पणी छ, 'विचार र दर्शनको धारलाई भुत्ते पारेर परिवर्तनको द्वन्द्वात्मक भौतिकवादी दर्शनको धारबाट अलग भई वस्तुगत परिस्थितिको ठोस विश्लेषण नै नगरी मार्क्सवादका दुई/चार शब्दहरू अगाडि सारेर अवस्तुवादी आत्मगत चिन्तनमा आधारित शास्त्रीय आख्यान पिलाउँदै हिँड्नु भनेको आफूलाई पिँध नभएको बाल्टीमा परिणत गर्नु हो ।'

एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भएर बनेको तत्कालीन नेकपामा रहँदा न्यौपाने ओलीको कटु आलोचक थिए । यतिसम्म (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउनुपर्छ'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** प्रतिनिधिसभा सदस्य एलपी साँवा लिम्बूले वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन व्यवसायी स्वयं सचेत हुनुपर्ने बताएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नयाँ वर्ष २०८० को अवसरमा शुक्रबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

सांसद लिम्बूले बाहिर हल्ला गरिएजस्तो मुलुक आर्थिक संकटमा नफसेको भएपनि आर्थिक मन्दीका कारण पेसा व्यवसाय सञ्चालनमा सचेत हुनुपर्ने बताए । उनले अस्पताल, खाद्यान्न, विद्यालय र वैदेशिक रोजगार जस्तोसुकै कठिन परिस्थितिमा पनि चलिराख्ने बताए ।




नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले मञ्चले सञ्चालन गर्ने रचनात्मक गतिविधिले वैदेशिक रोजगारीका क्षेत्रमा टेवा पुग्ने बताए । उनले व्यवसायीक हितका निम्ति मञ्चबाट सकारात्मक सुझाब सल्लाह र सहयोग मिल्ने विश्वास व्यक्त गरे ।

यसैगरी मञ्चका अध्यक्ष जनक रावलले नयाँ वर्षमा नयाँ क्यालेण्डर अनुसार मञ्चले विभिन्न गतिविधि सञ्चालन गर्ने बताए । उनले वैशाख महिनामा नै व्यवसायीले भोग्नुपरेको समस्या र वैदेशिक रोजगार ऐन २०६४ को संशोधनलगायतका विषयमा बृहत् अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने जानकारी दिए । उनले मञ्चमा आबद्ध व्यवसायीको मात्र नभई समग्र व्यवसायीको समस्या समाधानका लागि क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे ।

सोही कार्यक्रममा मञ्चद्वारा प्रकाशित नयाँ वर्षको क्यालेण्डर सार्वजनिक गरिएको थियो । कार्यक्रममा वैदेशिक रोजगारका क्षेत्रमा क्रियाशील विभिन्न घटक, भेगीय, क्षेत्रीय र जातीय संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## नेवाः समाजमा नयाँ कार्यसमिति




■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजमा नयाँ कार्यसमिति चयन भएको छ । शुक्रबार राजधानीमा सम्पन्न चौथो साधारणसभाले किसन प्रधानको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको हो ।

वैदेशिक रोजगार व्यवसायमा सक्रिय नेवार व्यवसायीहरूको साझा संस्था नेवाः समाजको अध्यक्षमा प्रधान, प्रथम उपाध्यक्षमा विजयराज श्रेष्ठ, द्वितीय उपाध्यक्षमा दिनेश श्रेष्ठ, तृतीय उपाध्यक्षमा प्रविन श्रेष्ठ, महासचिवमा देवेन्द्रनारायण श्रेष्ठ, सचिवमा गगन श्रेष्ठ र कोषाध्यक्षमा मोतीलक्ष्मी श्रेष्ठ चयन भएका छन् । यस्तै कार्यसमिति सदस्यहरूमा अमितकुमार श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, चन्द्रकुमार श्रेष्ठ, सन्तोष श्रेष्ठ रहेका छन् ।

सोही अवसर पारेर नेवाः समाजले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संस्थापक एवं पूर्वअध्यक्ष पुष्पलाल महर्जनलाई दोसल्ला ओढाएर सम्मान गरेको छ । साथै समाजमा आबद्ध केही सदस्यहरूलाई पनि सम्मान गर्दै सदस्यता प्रमाणपत्र दिइएको छ । कार्यक्रमको प्रमुख अतिथि रहेका राष्ट्रिय नेवाः दबूका अध्यक्ष पवित्रमान बज्राचार्यले नयाँ कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै वैदेशिक रोजगारीको पेसालाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन आइनसकेको भन्दै यसलाई व्यवस्थित, मर्यादित र सम्मानित बनाउन व्यवसायीले नै भूमिका खेल्नुपर्ने बताए ।

यस्तै वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले व्यवसायीहरूको थुप्रै समस्या रहेको भन्दै यसको समाधानको लागि सबै एकजुट भएर लाग्नुपर्ने बताए । उनले व्यवसायीको हकहितका निम्ती जस्तोसुकै परिस्थितिको सामना गर्न संघ तयार रहेको बताए ।

त्यसैगरी व्यवसायीहरूका विभिन्न घटक, भेगिय, क्षेत्रिय, जातीय संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरूले पनि व्यवसायीक सुरक्षाको लागि एकअर्कामा हातेमालो गर्दै अघि बढनुपर्नेमा जोड दिए ।

## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धी सूचना

२०८०/०१/०१ गते देखि लागु हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रु १५,00,000/-**

**सरकारी**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २४००/- | २२००/- |
| भित्री पृष्ठ | १६००/- | १४००/- |
| अन्तिम पृष्ठ | २०००/- | १८००/- |

**प्राइभेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/- | २१००/- |
| भित्री पृष्ठ | १५००/- | १४००/- |
| अन्तिम पृष्ठ | १९००/- | १७००/- |

नोट : उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-०७, काठमाडौं ।
फोन नं. ०१-४३७३५७७, ४५८४३६८
इमेल : marketing2prabhab@gmail.com
वेबसाइट : www.prabhabonline.com

# सेवा विस्तार गर्दै आँखा अस्पताल

**काठमाडौं (प्रस)–** त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पालले आफ्नो सेवालाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने योजना बनाएको छ । अस्पतालले प्रविधिमैत्री भौतिक संरचनाका साथै दक्ष जनशक्तिको थप व्यवस्थापन गरी सेवालाई ग्रामिण क्षेत्रसम्म विस्तार गर्ने योजना बनाएको हो ।

सेवा विस्तार गर्दै आर्थिक अवस्था कमजोर भएका नागरिकलाई सर्वसुलभ र गुणस्तरीय सेवा स्थानीयस्तरमै पुऱ्याउने योजनका साथ आवश्यक कार्ययोजना बनाइएको अस्पतालका अध्यक्ष डा. गोपालप्रसाद पोखरेलले जानकारी दिए ।

नेपाल आँखा अस्पताल स्थापनाको स्वर्णमहोत्सवका अवसरमा शनिबार यहाँ आयोजित 'नेपाल आँखा अस्पताल हिजो, आज र भोली' विषयक अन्तर्क्रियामा उनले अस्पतालको सेवा दुर्गम जिल्लासम्म पुऱ्याउन जरुरी रहेको बताउँदै सबै जिल्लामा कम्तीमा पनि मोतिबिन्दुको शल्यक्रिया गर्ने वातावरण बनाइनुपर्नेमा जोड दिए ।

'स्तरीय ल्याबसहित आँखा उपचारमा विशिष्टिकृत सेवा दिइरहेको हाम्रो सेवालाई देशैभरी पुऱ्याउन नसके पनि जनघनत्व बढी भएका जिल्लामा सेवा विस्तार गर्न अनिवार्य भइसकेको छ,' डा. पोखरेलले भने, 'सेवालाई ग्रामीण भेगसम्म विस्तार गरेर बालबालिकामा हुने आँखासम्बन्धी जन्मजात रोगको समयमा नै पहिचान गरेर निदान गर्नसके भावि सन्ततिलाई लाभ पुग्छ ।'

देशमा आँखाको उपचार सेवा व्यापक गर्न, दुर्गम र सुविधाविहीन क्षेत्रमा आँखा उपचार शिविर सञ्चालनका लागि स्थानीय तहसँग सहकार्य गरी काम गर्ने उनले बताए ।

कार्यक्रममा अस्पतालका मेडिकल अधिकृत डा. कमलबहादुर खड्काले अस्पतालले पूर्वाधार, उपकरणयुक्त सेवा स्तरीकरणमा ध्यान दिएको बताउँदै व्यवस्थापकीय पक्षमा सुधार गरी सेवालाई छिटो र छरितो बनाउने प्रयास भइरहेको उल्लेख गरे ।

अस्पतालका रिफचाक्टिभ सर्जरी डा. किशोर प्रधानले गुणस्तरीय दृष्टि आमनागरिकको अधिकार भएकाले हरेक छ महिनामा दृष्टि परीक्षण गरी आँखाको हेरचाहमा ध्यान दिन सबैलाई अनुरोध गरे । उनले रिफचाक्टिभ सेवाबारे नागरिकलाई सचेत बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा व्यवस्थापन दमनबहादुर घलेले सानो संस्थादेखि उच्च सरकारी निकायमा व्यवस्थापकीय पक्ष महत्त्वपूर्ण रहेकाले व्यवस्थापकीय नेतृत्व व्यावसायिक भएमा मात्रै संस्थागत सुधार गरी प्रगति हासिल गर्न सकिने विश्वास व्यक्त गरे । अस्पताल सञ्चालक समितिका सचिव मेघराज गजुरेलले अस्पतालले भौतिक संरचनाका साथै दक्ष चिकित्सक र अत्यावश्यक उपकरणयुक्त सेवा दिइरहेको उल्लेख गरे ।

२०३० चैत २६ मा स्थापना भएको नेपाल आँखा अस्पतालले आइतबार स्थापनाको स्वर्णमहोत्सव मनाउँदै छ । अस्पतालले हालसम्म ३१ लाख ८२ हजार ५७९ जनालाई सेवा उपलब्ध गराएको छ भने एक लाख २५ हजार ३७९ जनाको आँखाको शल्यक्रिया गरेको छ ।

हाल १४ नेत्र विशेषज्ञ रहेको अस्पतालमा कर्निया, मोतिबिन्दु, जलबिन्दु, रेटिना, अकुलोप्लास्टी एवं बाल आँखा उपचारलगायत सेवा उपलब्ध छन् । हाल अस्पतालबाट दैनिक ७०० बिरामीले बहिरंग सेवा लिने गरेका छन् । अस्पतालले विभिन्न समयमा विद्यार्थीका लागि निःशुल्क आँखा परीक्षणका साथै चस्मा वितरण गर्दै आएको जनाएको छ ।

अस्पतालले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत एमडी, अप्टोमेट्री र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत नेत्र सहायक तालिम दिँदै आएको सचिव गजुरेलले बताए ।

# पत्रकार महासंघ काठमाडौं शाखाको साधारणसभा सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको २३औं साधारणसभा सम्पन्न भएको छ । शनिबार काठमाडौंमा साधारणसभाको उद्घाटन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले लोककल्याणकारी विज्ञापन र समानुपातिक विज्ञापनलाई सरकारको न्यूनतम साझा कार्यक्रममासमेत समेटिएको बताइन् ।

'जाजरकोटमा विज्ञापन खोल्नु छ, त्यहाँको बाटो बनाउने विज्ञापन काठमाडौंको पत्रिकामा छापिन्छ । त्यो पत्रिका लिएर विज्ञापनको पैसा लिने तरिका बेठिक छ, यसरी हुँदैन । यसलाई रोक्न आवश्यक परे नियमावलीमा संशोधन गरौं,' मन्त्री शर्माले भनिन् । एकद्वार प्रणालीमार्फत विज्ञापन वितरण गर्ने नीति बनाउन मन्त्रालयले आवश्यक प्रक्रिया थालेको उनले




जानकारी दिइन् ।

पत्रकारिता क्षेत्रमा देखिएका समस्या हल गर्नका लागि सामूहिक छलफल र निष्कर्षबाट अघि बढ्ने उनको भनाइ छ । उनले काठमाडौं शाखाको भवन निर्माणका लागि बजेट विनियोजन भए पनि जग्गा अभावका कारण रोकिएकोबारे जानकार रहेको भन्दै यस विषयमा सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

महासंघ काठमाडौं शाखाका अध्यक्ष सूर्य सुवेदीले विज्ञापन, सदस्य शुद्धीकरण, नवीकरण र पत्रकारका लागि निःशुल्क स्वास्थ्य सेवाप्रति मन्त्री शर्माको ध्यानार्कषण गराए । उनले पत्रपत्रिका वर्गीकरणदेखि विज्ञापनका लागि चाकडी गर्नुपर्ने दुःखद् अवस्था रहेको बताए ।

शाखाले उक्त अवसरमा एक लाख राशिको आदर्श पत्रकारिता पुरस्कार-२०७९ बाट वरिष्ठ पत्रकार किशोर नेपाललाई पुरस्कृत गरेको छ । कोभिड-१९ तथा डेंगीका समयमा सहयोग गर्ने विभिन्न संघसंस्था एवं व्यक्तिहरूलाई पनि शाखाले सम्मान गरेको छ ।


**Provincial Government**

**Sudurpaschim Province**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

**Infrastructure Development Office**

**Sanfebagar, Achham**

**Invitation for Bids**

**Invitation for Bid No: 12/2079-080**

**Date of publication: 2079/12/26**

Method of Procurement: SQ, NCB, Eligibility Procedure

1. Infrastructure Development Office invites sealed Bids from all eligible Nepalese Bidders for **Construction of Following Road Project** with construction detail as follows.

**(Name and Identification no of Contract are as follows.)**

| SN | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Security Validity Period | Last Date For Bid Submission | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/ACHHAM/ SQ/W/R/02/ 2079-080 | Upgrading and Construction of Naridang Chaurpati Payal Chitre Mangalsen Sadak, Achham | 14,41,216.04 | 42,000 | Validity up to 90 days from the last date of bid submission | 2080/01/10 | 1,000 |
| 2 | IDO/ACHHAM/ SQ/W/R/03/ 2079-080 | Upgarding and Construction of Budha Bagar-Babla-Khaptad-Sadak, Achham | 17,00,527.00 | 50,000 | | 2080/01/10 | 1,000 |
| 3 | IDO/ACHHAM/ SQ/W/R/04/ 2079-080 | Construction & Upgrading of Sanfebagar-Nandegada-Mellekh-Sodasa-Rishidah-Achham-Bajura-Sadak-Nirman, Achham. | 13,98,764.70 | 40,000 | | 2080/01/10 | 1,000 |
| 4 | IDO/ACHHAM/ SQ/W/R/05/ 2079-080 | New Cutting of Sowakhand-Dekhi-Alkidanda-Bata-Muldhugani-Gramin-Sadak, Mangalsem-01, Achham. | 8,46,174.51 | 25,000 | | 2080/01/10 | 1000 |
| 5 | IDO/ACHHAM/ SQ/W/R/06/ 2079-080 | New Cutting of Pitbanna Bada Hudai Khantala Gramin sadak, Mangalsem-13, Achham. | 8,46,174.51 | 25,000 | | 2080/01/10 | 1000 |
| 6 | IDO/ACHHAM/ SQ/W/R/07/ 2079-080 | New Cutting of Gairagaun-Sajena-Remnekot-Sadak, Panchadewal Binayak-07, Achham. | 8,46,174.51 | 25,000 | | 2080/01/10 | 1000 |
| 7 | IDO/ACHHAM/ SQ/W/R/08/ 2079-080 | Construction & Upgrading of Lekalbada Patakani Deumandu Sadak, Mellekh Rural Municipality-07, Achham. | 8,68,549.60 | 25,000 | | 2080/01/10 | 1000 |
| 8 | IDO/ACHHAM/ NCB/W/R/32/ 2079-080 | Upgarding and Construction of Panchadewal Madu Meltola Sadak, Panchadewal Binayak-02, Achham | 25,48,858.28 | 70,000 | Validity up to 120 days from the last date of bid submission | 2080/01/25 | 3000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Infrastructure Development Office Sanfebagar, Achham,** Email Address: p7ido.achham@gmail.com, Contact No: 097625214 or may visit PPMO website www.bolpatra.gov.np.
   **Name of the Bank: Rastriya Banijya Bank Mangalsen Branch, Achham**
   **Name of Office: Infrastructure Development Office, Achham**
   **Office Code no. : 3370172017**
   **Office Account no.: 1000100200010000**
   **Rajaswa (revenue) Shirshak No.: 14229**
3. Bidder shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend **at 13:00 hours on 2080/01/10** At the **Infrastructure Development Office Achham.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as stated in above table, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If Bidder wish to Submit the bid security in the form of cash bidder has to deposit cash in Dharauti Account no 4260100202030000 of Infrastructure Development Office Achham at Rastriya Banijya Bank Mangalsen Branch, Achham and Submit Bank Deposit Voucher along with a Bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any Condition so far not stated in this Notice will be as per PPA 2063 and PPR 2064 and its Amendments.
8. Any Amendments in This Tender Notice will be posted in the notice board of IDO, Achham or may visit PPMO e-GP system www.bolpatra.gov.np

**Senior Divisional Engineer**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७७/०४/२२ मा दर्ता भएको प्रा.लि. नं. २३९८३५ को **सिक्रेली फर्निचर एण्ड सप्लायर्स प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७९/१२/२६

यस कम्पनीको मिति २०७९/०९/२५ मा सम्पन्न बार्षिक/बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मोडेल सिद्धस्थली माईस्थान पब्लिक एकेडेमी प्रा.लि. (प्रा.लि. नं. ५८०४७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अन्नपूर्णा पब्लिक स्कूल महोत्तरी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२६

यस कम्पनीको मिति २०७९/०४/०५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार तथा मिति २०७९/०४/१८ को कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साबिक कम्पनी **एफ.भि. इन्टरनेशनल क्लिनीक प्रा.लि. (प्रा.लि. नं. ६५१६६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **स्वाकन इन्टरनेशनल क्लिनीक प्रा. लि. अंग्रेजीमा Swacon International Clinic Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७२/१०/०८ मा दर्ता भएको प्रा.लि. नं. १४४२६० को **चापाकोट मल्टिप्रपोज प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## उजेली दिदीहरुको आशा

# पर्यटक बढ्लान र गाउँले फर्केलान



■ वासुदेव पौडेल/ कृष्ण दवाडी

**गण्डकी–** माछापुच्छ्रे हिमालको काखैमा ढुंगैढुंगाले छापिएको सुन्दर बस्ती छ । उक्त बस्तीमा तलबाट दैनिक धुलो उडाउँदै हुइँकिन्छन् बस र जीप । उक्त घलेल गाउँ भने सुनसान जस्तै छ । माछापुच्छ्रे गाउँपालिका-८ र ९ मा पर्ने घलेल गाउँ पोखरा-बागलुङ राजमार्गको हेम्जाबाट करिब १७ किलोमिटर दूरीमा रहेको छ । पोखराको टुँडिखेलस्थित हरिचोकबाट हेम्जाहुँदै मर्दिपुल, खानेपानी, भेडाबारी, खोरामुख, लुम्ब्रे हुँदै करिब डेढ घन्टामा घलेल गाउँ पुग्न सकिन्छ । लुम्ब्रेसम्म बाटो कालोपत्र भइसकेको छ ।

गाउँमा ४०० घर भएकाले पहिला यो गाउँलाई 'चार सय घलेल' भन्ने गरिन्थ्यो । पछिल्लो समय शिक्षा, रोजगारी तथा सुविधाको खोजीमा सहर पस्नेको संख्या बढ्न थालेपछि अहिले गाउँमा २० देखि २५ प्रतिशत मानिस मात्रै बस्ने गरेका छन् ।

मर्दी हिमाल जाने पदमार्ग यही गाउँ भएर जाने भएकाले पर्यटकीय सम्भावना देखेर यहाँका बासिन्दाले वि.सं. २०६७ देखि घलेल सामुदायिक होमस्टे (घरवास) सञ्चालन गर्दै आएका हुन् । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले घरवास सञ्चालनमा ल्याए पनि पर्यटकको अभावले गर्दा गाउँ पछि परेको होमस्टे (२ नं घर) की सञ्चालिका उजेली गुरुङले बताइन् ।

उजेली दिदीका नामले परिचित उनको घर गाउँको सिरानमा छ । उनले दुई कोठासहित चार खाट पर्यटककै लागि छुट्याएकी छन् । खाटमा ओछ्याइएका सिरक, डसना तथा सोफा छन् । घरको मझेरीदेखि पिँढी, आगन सफा र चिटिक्क पारिएको छ । होमस्टेमा फाट्टफुट आउने पाहुनालाई सञ्चालक समितिको व्यवस्थाअनुसार घरघरमा बाँडेर राख्ने गरिएको उजेलीले बताइन् । गाउँका नौ घरमा घरवास सञ्चालन गरिएको छ ।

उनले छिमेकी ल्वाङ गाउँ र घलेलमा सँगै घरवास सञ्चालनमा आएको बताइन् । 'सँगै घरवास सुरु भएको ल्वाङमा पर्यटकको आवागमन बढी छ । त्यहाँ त्यस्तो चहलपहल हुँदा यहाँ भने सुनसान छ,' उजेलीले गुनासो गरिन् । गाउँमा अधिकांश १० वर्ष मुनिका र ४५ वर्ष माथिका नागरिक बढी छन् । युवा जनशक्तिको अभावका कारण पनि पर्यटकको आगमन बढाउन नसकिएको उनको भनाइ थियो ।

गाउँमा आउने पर्यटकले यामअनुसार लेकतिर हुने टुसादेखि निउरो, कोदो, मकै, फापरको ढिँडो रोटी आदिको स्वाद चाख्न पाउँछन् । एकै दिनमा ५० देखि ६० जनासम्म पर्यटकलाई राख्न सकिने यहाँका घरवासमा प्याकेजमा एक रातका लागि एक हजार रूपैयाँमा खाजा, खाना र बासको व्यवस्था मिलाइएको छ ।

घरवासमा भित्रिएका पाहुनालाई बाजागाजाका साथ टीका र माला लगाएर स्वागत गर्दै बास बस्न घरघर पठाइन्छ । बेलुकाको बास र खाना छुट्याइएका घरमा व्यवस्था भए पनि स्थानीयवासीले पर्यटकको मागअनुसार बेलुका समाज घरमा सामूहिक विभिन्न सांस्कृतिक कार्यक्रम पनि देखाउने गर्दछन् । बिहान उठेपछि पाहुनालाई मकै, अण्डा, चियासहितको खाजा खुवाउने गरिन्छ । बिहान पर्यटक गाउँबाट झण्डै एक घण्टा ठाडो उकालो सिँढी उक्लेर महागुरु गुफा र बीचको तारे बराहसम्म हाइकिङमा जाने गर्दछन् ।

महागुरु गुफा र तारे बराह यहाँको धार्मिक तीर्थस्थल रहेको स्थानीय हितकाजी गुरुङले बताए । घलेल गाउँलाई धार्मिक पर्यटनसँग पनि जोड्ने उद्देश्यका साथ गुफा तथा बराह मन्दिरलाई थप व्यवस्थित गर्न गाउँपालिका र प्रदेश सरकारले चासो दिएको उनको भनाइ थियो । 'गुफालाई व्यवस्थित गर्न पालिकाले नौ लाख रूपैयाँ विनियोजन गरेको छ भने तारे बराह मन्दिरका लागि गण्डकी प्रदेश सरकारले १० लाख रूपैयाँ विनियोजन गरेको छ,' गुरुङले भने । गुफा र मन्दिर निर्माण भइरहेको छ ।

मनले चिताएको पुग्ने तीर्थस्थलका रूपमा उक्त मन्दिरलाई लिइने उनले बताए । प्रत्येक वर्ष वैशाख पूर्णिमा र दसैंमा बलिपूजासहित यहाँ पूजा गरिन्छ । बराहले गाउँ र स्थानीयवासीलाई संरक्षण गरेको जनविश्वास छ । विगतमा पानी, बत्ती, सडकलगायत आधारभूत पूर्वाधारको समस्या रहे पनि अहिले भने सबै सुविधा गाउँघरमा पुगेका छन् ।

सूचना प्रविधिको बढ्दो विकाससँगै गाउँका घरमा इन्टरनेटको पहुँच पुगेको सामुदायिक होमस्टेकी सचिव सुनकुमारी गुरुङले बताइन् । बसाइँसराइका कारण पनि गाउँमा युवावर्ग नहुँदा पर्यटन प्रवर्द्धनमा चुनौती देखिएको उनको भनाइ थियो । 'सँगै स्थापना भई सञ्चालनमा आए पनि ल्वाङवासीलाई पर्यटक भित्र्याउन भ्याइनभ्याइ छ । यहाँको बाटोमा बस तथा जीप हेरेर टोलाउनु परेको छ,' उनको गुनासो थियो । गाउँ छोडेर बसाइँ सर्ने क्रम कम भएमा गाउँमा प्रचारप्रसार गर्न सकिने तथा पर्यटक पनि बढ्दै जाने उनले बताइन् ।

माछापुच्छ्रे गाउँपालिका-८ का वडाध्यक्ष राम गुरुङले शिक्षा, रोजगारी तथा सुविधाको खोजीमा सहरतिर बसाइँ सर्नेको संख्या बढ्दै गएकाले गाउँमा बालबालिका, वृद्धवृद्धा र आर्थिक अवस्था कमजोर भएका वर्ग मात्रै बसोबास गर्दै आएको बताए । घलेल चलचित्र छायांकनका लागि पनि उपयुक्त गन्तव्य हुने भन्दै उनले प्रचारप्रसारको अभावमा यस गाउँले विकासमा अपेक्षित फड्को मार्न नसकेको बताए ।

गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले घलेल हुँदै दैनिक करिब ४०० देखि ५०० पर्यटक मर्दी हिमाल तथा खुमै पदयात्राका लागि जाने गरे पनि उनीहरूलाई यहाँ बसाउन नसकिएको बताए । 'मर्दी पदयात्रामा जाने पर्यटकलाई एक रात घलेलमा बस्ने वातावरण बनाउन सके यहाँको पर्यटन प्रवर्द्धन हुने थियो,' उनले भने, 'यसको प्रचारप्रसारसँगै गाउँलाई चलचित्र छायांकनको आकर्षक गन्तव्यका रूपमा पनि विकास गर्न सकिने सम्भावना छन् ।' *रासस*


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वालिङ, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

## योजना कार्यान्वयनको लागि बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०७९/१२/२६ गते)

नगर कार्यापालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०७९/०८० को सडक वोड नेपाल र यस कार्यालयको लागत सहभागीतामा योजना संचालन गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हानको लागी यो सूचना प्रकाशीत गरिएको छ ।

**शर्तहरुः**

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन, चालु आ.व. २०७९/०८० को लागी नविकरण भएको फर्म वा कम्पनीको प्रमाणपत्र, व्यवसाय इजाजतपत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र (भ्याट), साथै आ.व. २०७८/०७९ को कर चुक्ताको प्रमाण र अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) नेपाल बैक लिमिटेड वालिङ्ग शाखामा रहेको ग–१.१ आन्तरीक राजश्व खाता ०८३०३००००१००१००००१ मा जम्मा गरेको बैक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्धारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाणपत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३) बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

४) बोलपत्र फारमा भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्याता दिईनेछ । साथै, केरमेट भएको ठाउमा सही छाप हुनु पर्नेछ ।

५. बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा वाणिज्य बैक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid security) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नु पर्नेछ । बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनुपर्ने र बोलपत्रदाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुन पर्नेछ ।

७) कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४, संशोधन समेत हुनेछ । अन्य जानकारीका लागी यस कार्यालयको सम्पर्क नं. ९८५६०१२६५५ सम्पर्क गर्न सकिने छ ।

९) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः | बोलपत्र खोल्ने मितिः |
|---|---|---|
| २०८०/०१/२६ गते<br>समय १२:०० बजे भित्र । | २०८०/०१/२६ गते,<br>समयः १२:०० वजे भित्र । | २०८०/०१/२६ गते र<br>समय १४:०० वजे । |

१०) निर्माण कार्यको विवरण

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | १३/ २०७९/०८० | भकुण्डे भुम्रेचोक रामबाच्छा भित्र सडक र मालपोत नापी कार्यालय सडक स्तरोउन्ती वालिङ १, ८ र ९ | ९६५०६५२।०० | २६५३९३।०० | ३०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



## बृहत खानेपानी आयोजना निर्माणको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सूचना

**(प्रकाशन मितिः २०७९।१२।२६)**

बागमती प्रदेश, काठमान्डौं जिल्ला, गोकर्णेश्वर नगरपालिका, वडा नं. ३, मा गोकर्णेश्वर नगरपालिका शहरी विकास तथा पूर्वाधार विकास शाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | शहरी विकास तथा पूर्वाधार विकास शाखा<br>गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोराः** | बृहत खानेपानी आयोजना निर्माण वडा नं. ३ यस अन्तर्गत १घ.मि. संकलन ट्यांकी, ५० घ.मि. र ४ घ.मि. भण्डारण पानी ट्यांकी १.३ कि.मि. वितरण ट्रान्समिसन लाईन तथा तारवार आदि निर्माण। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा** | काठमाडौं जिल्ला,<br>गोकर्णेश्वर नगरपालिका वडा नं. ३ तथा आसपासका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा. तथा सो क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शहरी विकास तथा पूर्वाधार विकास शाखा<br>गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल |
| **परामर्शदाता नाम र ठेगाना** | ईन्भारोमेन्टल एण्ड डेभलपमेन्ट रिसर्च सेन्टर प्रा.लि. काठमाडौं म.न.पा -२९,<br>फोन नं. : ९८५१२२२९७०, इमेल : *edrc2071@gmail.com* |



## तारेभिर लाईटेनिङ्ग सिस्टम निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सूचना

**(प्रकाशन मितिः २०७८।१२।२६)**

बागमती प्रदेश, काठमान्डौ जिल्ला, गोकर्णेश्वर नगरपालिका, वडा नं. ३ मा गोकर्णेश्वर नगरपालिका, शहरी विकास तथा पूर्वाधार विकास शाखा काठमाडौं अन्तर्गत निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | शहरी विकास तथा पूर्वाधार विकास शाखा<br>गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोराः** | तारेभिर लाईटेनिङ्ग सिस्टम (Lightening System) निर्माण आयोजनाः यस अन्तर्गत होडिंग बोर्ड आर.जी.बि., एल.ई.डी. रोप लाईट लाईटेनिङ्ग सिस्टम तथा तारवार आदि निर्माण। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा** | काठमाडौं जिल्ला,<br>गोकर्णेश्वर नगरपालिका वडा नं. ३ तथा आसपासका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा. तथा सो क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शहरी विकास तथा पूर्वाधार विकास शाखा<br>गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल |
| **परामर्शदाता नाम र ठेगाना** | ईन्भारोमेन्टल एण्ड डेभलपमेन्ट रिसर्च सेन्टर प्रा.लि. काठमाडौं म.न.पा-२९,<br>फोन नं.: ९८५१२२२९७०, इमेलः *edrc2071@gmail.com* |



## राइटार खानेपानी ट्यांकी निर्माणको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सूचना

**(प्रकाशन मितिः २०७९।१२।२६)**

बागमती प्रदेश, काठमान्डौ जिल्ला, गोकर्णेश्वर नगरपालिका, वडा नं. २ मा गोकर्णेश्वर नगरपालिका, शहरी विकास तथा पूर्वाधार विकास शाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | शहरी विकास तथा पूर्वाधार विकास शाखा<br>गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोराः** | राइटार खानेपानी ट्यांकी निर्माण गोकर्णेश्वर नगरपालिका, वडा नं. २ यस अन्तर्गत भण्डारण पानी ट्यांकी १ लाख लिटर क्षमता तथा तारवार आदि निर्माण। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा** | काठमाडौं जिल्ला,<br>गोकर्णेश्वर नगरपालिका, वडा नं. २ तथा आसपासका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा. तथा सो क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शहरी विकास तथा पूर्वाधार विकास शाखा<br>गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल |
| **परामर्शदाता नाम र ठेगाना** | ईन्भारोमेन्टल एण्ड डेभलपमेन्ट रिसर्च सेन्टर प्रा.लि. काठमाडौं म.न.पा -२९,<br>फोन नं.: ९८५१२२२९७०, इमेलः *edrc2071@gmail.com* |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कानुन सबैका लागि बराबर

कानुन सबैका लागि बराबर हुन्छ । पेसाका आधारमा कसैलाई छुट पाउने, कसैलाई अनिवार्य लागू हुने भन्ने हुँदैन । तर, मुलुकमा कार्यान्वयन गर्ने निकायबाटै कानुन उल्लंघन हुने गरेका विषय निरन्तर उठ्दै आएको छ । यही सन्दर्भमा नेपाल प्रहरी जोडिन्छ । प्रहरी मुलुकको कानुन पालना गराउने जिम्मवारी बोकेको संस्था हो । तर, विभिन्न कारणले प्रहरीको आलोचना हुने गरेको छ । हुन जरुरी पनि छ ।

काठमाडौं उपत्यकाका चोक–चोकमा प्रहरीका बिटहरु देखिन्छन् । ती बिटहरु सार्वजनिक सडक मिचेर बनाइएका हुन् । सडकको भाग मिचेर बनाइएका त्यस्ता बिट तथा कतिपय प्रहरी चौकीका भवनहरु पछिल्लो समय हटाउन थालिए पनि केही स्थानमा अझै कायमै रहेको छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहले सडक मिचेर बनाइएका प्रहरी बिट हटाउन निर्देशन दिएका छन् । कानुन कार्यान्वयन गर्ने प्रहरीले नै बाटो मिचेर संरचना बनाउनु गलत भएको बताउँदै उनले ती संरचना आफैं हटाउन निर्देशन दिएका हुन् । उनका अनुसार हटाउन निर्देशन दिएका प्रहरी बिटमा बालुवाटारस्थित प्रधानमन्त्री निवास अगाडि, सामाखुसी, जडीबुटी चोक, सिनामंगल चोक, चुच्चेपाटी चोक, ढल्को, ताम्सीपाखा, रुद्रमतीमार्ग मैतीदेवी, असन चोक, न्युरोड पिपलबोट, चिकमंगलम, धोबीचौर, देउराली क्लब, रातो पुल, बौद्ध, ताहचल, पेप्सीकोला, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अगाडि र माछापोखरीका प्रहरी बिट रहेका छन् ।

दूतावासलगायत विदेशी नियोगका सम्बन्धमा पनि सम्बन्धित मन्त्रालयलाई काम अगाडि बढाइदिन पत्राचार गरिएको उनले जानकारी दिए । महानगर प्रमुख साहले कानुन सर्वसाधारण नागरिकका लागि र अरुका लागि अलग्गै हुन्न भन्ने स्थापित गर्न सबै तयार हुन अपिलसमेत गरेका छन् । महानगरप्रमुख शाहको यो निर्देशनात्मक कदम स्वागतयोग्य छ । उनको यो आँटलाई सबैले सम्मान र साथ दिनुपर्छ । कानुन कार्यान्वयन गराउने प्रहरीबाटै त्यसरी कानुनको उल्लंघन भइरहनु पक्कै पनि स्वीकार्य विषय होइन ।

फुटपाथमा पैदलयात्री हिंड्ने ठाउँसमेत नराखी बनाइएका प्रहरी संरचनाहरु हटाइनुपर्छ । सडक विस्तारका क्रममा सर्वसाधारणका घरहरु भत्काइए, काटिए तर केही प्रहरीका भवनहरु अझै नहटाइ राखिएको छ । यसको उदाहरण बौद्ध प्रहरीको भवन हो । यस्ता संरचनाहरु तत्काल हटाउनुको विकल्प छैन । तर, प्रहरीकै भएका कारण ती संरचना हटाइएको छैन । अब हटाइनुपर्छ । महानगर प्रमुख शाहले थालेको अभियानलाई सबैले साथ दिनुपर्छ ।

# ‘विसंगत बस्ती’को सुगन्ध



प्रभा पोखरेल

भनिन्छ, साहित्य समाजको ऐना हो । समाज परिवर्तनको वाहक हो । जीवन र जगतको अनुभूतिको संगालो पनि हो । लामा छोटा अनेकौं विधाका रूपमा मानवीय अन्तरहृदयबाट साहित्यको प्रस्फुटन हुने गर्दछ । जब हरेक मानवको अनुभव, रुचि, दृष्टिकोण परिपक्व हुँदै जान्छ अनि निरन्तरको साधनापश्चात् साहित्य सिर्जनाको जन्म हुन्छ । यही बाटो हुँदै विसंगत बस्तीको जन्म भएको रहस्य कृतिको अध्ययनबाट बुझेकी हुँ ।

साहित्यका विविध विधामध्ये मुक्तक विधाको नामबाट बजारमा आएको यस कृतिका सर्जक साहित्यकार ऋषि बस्ताकोटी हुन् । पेसाले उनी वरिष्ठ वातावरण विज्ञको रूपमा कार्यरत भएता पनि रुचि र साधनाको क्षेत्र भने साहित्यका विविध विधाको अध्ययन र सिर्जना गर्नु रहेको छ । खाने मुखलाई जुँगाले छेक्दैन भनेजस्तै उनले प्रवासी व्यस्त जीवनमा गास, बास र कपासको तर्जुमाबाट बचेको समयलाई सदुपयोग गरी मौलिक एवं चोटिला मुक्तक समेटिएको कृति पाठकहरूको लागि सम्प्रेषण गरेका छन् ।

केही समय अगाडि कृति मेरो हातमा परेपछि शीर्षकले नै बढी कौतुहलता जगाएर अध्योपान्त पढेँ । आयमका हिसाबले छरितो तर वजनदार रहेको यस कृतिभित्र मूलतः ए ए बि ए को संरचनामा टेकेर शब्दमा फराकिलो भाव समेट्दै शिल्प, शैली, भाव, विचार र अनुभूतिको चतुष्पदीय गहकिलो सन्देशात्मक संगठन रहेको पाएँ । पछिल्लो समयमा नेपाली साहित्य आकाशका एक कर्मठ कवि, गजलकार तथा मुक्तककारको रूपमा जम्न सफल प्रवासी जीवन अमेरिका जस्तो घडीको सुईसँग हिँड्नुपर्ने देशको सरकारी कामकाजको गहन जिम्मेवारीमा रहेर पनि नेपाली भाषा र साहित्यको उन्नयनमा उनको लगाव र लगानी परिमाणात्मकभन्दा पनि गुणात्मक कसीमा हालेर जोख्दा निकै ओजपूर्ण भेटिन्छ ।

मेरो पाठकीय दृष्टिकोण इमान्दारितापूर्वक राख्नुपर्दा उनको कृति विसंगत बस्तीको अध्ययनको क्रममा भेटेको सुगन्ध जे जति रसास्वादन गर्ने गच्छेअनुसार क्षमता राखेँ त्यो मेरो काल्पनिक मन गढन्ते गन्थन नभई वास्तविक दुर्गन्धित बस्तीभित्र छिरेर लेखक स्वयंले बटुलेको सिर्जनात्मक सुगन्ध हो । कुनै पनि विधामा कलम चलाउने लेखकको आफ्नै वैशिष्ठ्य हुन्छ । सात्त्विक साधनारत जीवन व्यतीत गर्दै जीवन र जगतका आध्यात्मिक एवं भौतिक तत्त्वसँग साक्षात्कार गर्दै द्रष्टा हुँदै स्रस्टामा परिणत उनी समकालीन नेपाली साहित्यमा आफूले जीवनका वसन्त पार गर्ने क्रममा गरेका अनुभव र अनुभूतिको संगालो मुक्तक विधामा कलम चलाएर साहित्य समाजको ऐना हो भन्ने कुरा चित्रण गर्न सफल देखिन्छन् । उनले चेतनशील प्राणी मानवबस्तीमा बगेका दुर्गन्धित खोल्सामा खाली नुनिला आँशुमात्र होइन राजनीतिक ठिही र कुण्ठा, सामाजिक विभेदको डंगुर अनि अहमताको उडन्ते विचारले जकडिएको बस्ती देखेर दुःखी बन्दै सरल शब्दगुच्छाको माध्यमबाट सन्देशात्मक प्रस्तुति दिएका छन् । एक इमान्दार सपुतले जहाँ पनि बोल्नु पर्दा माटो नै बोल्छ । उनी नेपाल आमाका कर्मठ सन्तति हुनाले माटो र मुटुको सम्बन्ध यसरी अभिव्यक्त गर्छन्-




> **सात्विक साधनारत जीवन व्यतीत गर्दै जीवन र जगतका आध्यात्मिक एवं भौतिक तत्वसँग साक्षात्कार गर्दै द्रष्टा हुँदै स्रस्टामा परिणत उनी समकालीन नेपाली साहित्यमा आफूले जीवनका वसन्त पार गर्ने क्रममा गरेका अनुभव र अनुभूतिको संगालो मुक्तक विधामा कलम चलाएर साहित्य समाजको ऐना हो भन्ने कुरा चित्रण गर्न सफल देखिन्छन् । उनले चेतनशील प्राणी मानवबस्तीमा बगेका दुर्गन्धित खोल्सामा खाली नुनिला आँशुमात्र होइन राजनीतिक ठिही र कुण्ठा, सामाजिक विभेदको डंगुर अनि अहमताको उडन्ते विचारले जकडिएको बस्ती देखेर दुःखी बन्दै सरल शब्दगुच्छाको माध्यमबाट सन्देशात्मक प्रस्तुति दिएका छन् ।**

*माटोको पुजारी हो, ऊ धर्तीकै पुत्र हो*
*जे गाउँछ उसले, त्यो धर्तीकै स्तोत्र हो*
*माटोमै मितेरी लगाई पुस्तौंपुस्ता गुजार्‍यो*
*पुस्तान्तर हुँदै सिकेको त्यो जीवनसूत्र हो ।*

जन्मेको माटोसँगको सम्बन्धका बारेमा हरेक सन्ततिले यसरी बुझिदिएको भए आज आमाको छाती कति फराकिलो हुन्थ्यो होला । तर, सत्मार्ग भुलेर हिँड्दाको दुर्गतिको सिकार हुँदा हेरौं त कस्तो छ ? देशको हालत । यो चिन्ता र चिन्तन मात्र होइन विसंगतिमाथिको लेखकको दृष्टिकोण यति ओजपूर्ण छ कि, जुन कुरा यसरी प्रकटित हुन्छः

*न संविधानको धाराले केही गर्‍यो*
*न त हजुरको पाराले केही गर्‍यो*
*भित्री कुरा त भोगेपछि थाहा भयो*
*न हात्तीका देखिने दाह्राले केही गर्‍यो ।*

झुटको खेतीमा रमाउने राजनीतिक बस्तीमा लुसुक्क छिरेर टिपेको यो सुगन्धले पढ्दा निकै मन छोयो । यो आजको सामाजिक परिवेशको यथार्थ चित्रण हो । हरेक विषयलाई सूक्ष्मरूपमा नियालेर ऐनाजस्तो छर्लंग प्रतिविम्बित गर्न सक्ने उनी दुनियाँमा संघर्षशील सफल जीवनयापन गरेर समाजमा उदाहरणीय बनेका मान्छेका बारेमा यसो भन्छन् । हिलोमा फुलेको कमलको उपमा दिँदै-

*लहराहरूझैँ लम्केको मानिस हो ऊ*
*चोटहरूबाट चम्केको मानिस हो ऊ*
*दुःखहरूले पनि दुखाउँदैन उसलाई*
*हिलोको कमलझैँ गम्केको मानिस हो ऊ ।*

सफल मानिसको इतिहास हिलोमा फुल्ने कमलको भन्दा कमी हुँदैन भन्ने कुरो मनन् गर्दै सबैलाई दुनियाँले पुच्छर निमोठे पनि सुकर्मले संसार जित्न सकिन्छ, शिर उच्चो राख्न सकिन्छ भन्छन् । घुम्दै जाँदा दुखेका घर मरेका मनमा छुन पुगेपछि भन्छन्-

*कहिले गाउँ दुख्छ त यहाँ, कहिले सहर दुख्छ*
*कुर्दाकुर्दै देउरालीमा सान्नानीको रहर दुख्छ*
*जब जहाज चढेका सपना बन्द बाकसमा फर्कन्छन्*
*तब के दुख्दैन यहाँ, सबको घरघर दुख्छ ।*

देशको दुरावस्था अनि दर्बिला पाखुरीले सीमापारी भोगेको सास्तीको संकेत गर्दै राता बाकसमा फर्केका शून्य मनहरूको यथार्थ सामाजिक चित्रण मजाले गर्दै फेरि उनी घुम्दाघुम्दै आमाकै काखमा पुग्छन् ।

*अदम्य साहस, अठोट र जाँगर हुन् मेरी आमा*
*सन्तानका लागि नरित्तिने सागर हुन् मेरी आमा*
*बचेराले वेग हानेपछि गुँड रूँगीबसेकी चरीझैँ*
*नदीले छाड्दै गएको एकान्त बगर हुन् मेरी आमा ।*

आमा को हुन् ? आमाको त्याग र बलिदान के हो ? वात्सल्य प्रेम कस्तो छ ? भन्ने कुरा बुझेर बुझाउन खप्पिस ऋषि बस्ताकोटी एक सशक्त गजलकार हुन् भन्ने कुरा अब्बल साहित्यकारहरूले पुष्टि गरिसकेका छन् ।

समग्रमा विसंगत बस्ती अध्ययनपश्चात् उनीप्रति मेरा पाठकीय दृष्टिकोण मात्र संक्षिप्तरूपमा राखेकी हुँ । न म कुनै विश्लेषक हुँ, न समालोचक । तर पनि कृतिको भावले मन छोएपछि नलेखी बस्न सकिँदो रहेनछ । जे भेटेँ, जे बुझेँ, त्यही कुरा लेख्नु आफ्नो धर्म सम्झिन्छु । यसभित्र सरल सुवोध भाषाशैली छ । हरेक मुक्तक पढ्दा लाग्छ सरलताभित्र मौलिकता, सूक्ष्म विषयवस्तुको उठानसँगै विचारको प्रधानता, गहन भावको सघनता, प्रभावमूलक सन्देश, चखिलो, घुमाउरो कलात्मक प्रस्तुति हुँदै मुक्तक विधामा हुनुपर्ने शिल्प र शैलीको तादात्म्यता मैले बुझेसम्म भेटेकी छु । हरेक मुक्तकमा समेटिएका विषय विम्ब हाम्रा वरिपरिका देखे भोगेका अनुभूत गरेका मन छुने र आफ्नै जीवनसँग पनि मेल खाने विषय छन् ।

चेतनशील बस्तीभित्र नमिलेका आर्थिक, सामाजिक, राजनीतिक, चारित्रिक, वातावरणीय, जातीय विभेदलगायत देश भक्तिभावजस्ता बृहत् अनि सम्बन्ध सम्पर्क जस्ता सूक्ष्म कुराको उठान गर्दै उनले कलात्मक ढंगले प्रस्तुति दिएको पाइन्छ । कृति पठनीय छ सिर्जनामा रुचि राख्ने सर्जकका लागि यो कृति । एक गुरु थापेर अघि बढ्न यसर्थ सकिन्छ कि हरेक मुक्तकको शीर्षकीकरण गरी सम्बन्धित विषयमा भावनाको मसिनो चिन्तन गर्दै बान्किलो शब्द संयोजन रहेको छ । यसले गर्दा लेख्न चाहनेलाई सोचको सीमा निर्धारण गर्न सजिलो हुन्छ । मलाई पनि यही कृतिले डोर्‍याइरहेको हुँदा यसो भनेकी हुँ । यो लेखनी यात्राले सफलताको शिखर थप चुम्दै अगाडि बढोस् अन्य कृतिहरू जन्मदै जाऊन् भन्ने शुभेक्षा व्यक्त गर्दै कलमलाई विश्राम दिन्छु । जदौ ॥

*- नर्थ क्यारोलिना, अमेरिका*

## मनन्योग्य

### विदुर नीति

यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नैं सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसंग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवान्को भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

‘हे दूत हो ! जुन मनुष्यको जिब्रोले भगवान्को पवित्र गुण, लीला र नामहरू बोल्दैन, अनि मनले भगवान्को पाउनको स्मरणसम्म पनि गर्दैन’ जसको मस्तक भगवान् र उनका भक्तहरूलाई देख्ता एकछिन पनि नुहुदैन, भगवान्को सत्यस्वरूपबाट आफू टाढा रहने गर्दछन् । त्यस्तालाई तिमीहरूले भयङ्कर नरकको बाटो (दक्षिणपन्थ) बाट यमराजको सामुन्ने उपस्थित गराने गर्नू ।’ क्रमशः

## पत्र–मञ्जुषा

# पानी संकटको मारमा राजधानीवासी

केही वर्षयता काठमाडौंमा जनसंख्या ह्वात्तै बढेको छ । बढ्दो जनसंख्याले गर्दा काठमाडौं अस्तव्यस्त बनेको छ । विभिन्न जिल्लाका स्थायीवासीहरुले काठमाडौंलाई आफ्नो थलो बनाएका छन् । शिक्षा, रोजगारी, उपचारलगायतका सेवासुविधाका लागि पनि राजधानी बसोबास गर्नेको संख्यामा वृद्धि भएको हो । काठमाडौंका सबैजसो घर बहालमा लगाइएको छ । एउटै घरमा धेरै व्यक्ति कोठा बहालमा लिएर बसेका हुन्छन् । एकातिर खुला ठाउँ छैन, अर्कोतिर पानीको अभाव ।

बढ्दो जनसंख्या र अस्तव्यस्त सहरीकरणले गर्दा यहाँ पानीको हाहाकार छ । विगत धेरै वर्षदेखि यहाँ बसोबास गर्ने सर्वसाधारणले यो समस्या झेल्दै आएका छन् । लुगा धुन, नुहाउन, खाना पकाउन, सरसफाइ गर्न, शौचालय जान हरेक कामका लागि पानी चाहिन्छ । पानीविना मानिसको जीवन अकल्पनीय छ । यसलाई मध्यनजर गर्दै सरकारले मेलम्चीको पानी राजधानी ल्याएको छ । सरकारले मेलम्चीको पानी ल्याए पनि अधिकांश बस्तीमा पुग्न सकेको छैन ।

एउटा घरमा १२ देखि २० वटासम्म कोठा बहालमा लगाइएको छ । ती सबैलाई पुग्ने पानी त छैन । घरधनीको सबैभन्दा सहज आम्दानीको स्रोत भनेको कोठा बहाल नै हो । मासिक भाडा आइरहन्छ । घरधनीले मागेजति भाडा तिर्दा पनि कोठा बहालमा पाइँदैन । पैसाचाहिँ मागेजति तिर्नुपर्छ तर पानी र सेवा सुविधाचाहिँ शून्य छ । बहालमा बस्नेले पानी किनेर चलाउनुपर्ने बाध्यता छ । खानदेखि लिएर सबै कामकाजका लागि पानी किनेरै चलाउनुपर्छ ।

अहिले एक जार पानीको ५० देखि ८० रुपैयाँ लिन्छन् । ठाउँ हेरेर जारको पानीको मूल्य राखिएको छ । मिनरल वाटरको २० देखि ३० रुपैयाँसम्म पर्न जान्छ । घरधनीले ठाउँ हेरेर एउटा कोठाको चार हजारदेखि १२ हजारसम्म बहाल लिन्छन् । बत्ती, फोहोर र पानीको पैसा थप दिनुपर्छ । पानीको पैसाचाहिँ लिइरहेका छन् तर पानी सबै किन्नुपर्छ । जारको पानी किनेर कति साध्य लाग्छ ? टचांकरको किनेर प्रयोग गर्नु परिरहेको छ । एक टचांकर पानीको ३५ सयदेखि पाँच हजारसम्म लिन्छन् ।

घरधनीले टचांकर खरिद गर्दा लागेको रकमचाहिँ बहालमा बस्नेसँग आधाआधा गर्छ । तर, पानीचाहिँ बाल्टिनले नापेर दिन्छ । टचांकरहरुले खोलाबाट सीधै उठाएर र जमिनमुनिबाट बारिङ गरेर ल्याएको हुन्छ । त्यो पानी प्रयोग गर्न योग्य छ कि छैन कसैलाई थाहा छैन । टचांकरवालाले पानी ल्याउँछ, झारिदिन्छ, पैसा लिन्छ अनि जान्छ । तर, प्रयोग गर्न नहुने पानी पनि बिक्री वितरण भइरहेका छन् ।

उपत्यकाभित्र ६३४ वटा पानी बोक्ने टचांकर सञ्चालनमा रहेको बताइन्छ । तीमध्ये कति टचांकरहरुको आयु पुगिसकेको छ। २० वर्ष नाघिसकेका टचांकरहरु पनि सञ्चालनमा छन् । पुराना भएका कारणले बाटाभरि पानी चुहाउँदै ओसार्छ । पानी किन्ने सर्वसाधारणको घरको रिजर्भ टचांकीमा ल्याएर पानी खन्याउँदा आधा पनि आउँदैन । आधा त बाटोमा चुहिएरै सकिसकेको हुन्छ । सरकारले पानी बोक्ने टचांकरको वर्गीकरण गरे पनि व्यवसायीले कार्यान्वयन गरेका छैनन् ।

जनताले पानी खरिद गरेको रकम सरकारले तोकेको होइन । आफूले तिरेको पैसा महँगो हो कि सस्तो ? जनता र सरकार दुवै अनभिज्ञ छन् । टचांकर व्यवसायीले मान्छे हेरेर पानीको मूल्य निर्धारण गरेको छ । टचांकरले पानी सीधै खोलाबाट र बोरिङबाट ल्याउने हुँदा त्यस्तो पानीको प्रयोगबाट जनस्वास्थ्यमा गम्भीर असर परिरहेकोप्रति सरोकारवाला निकायको ध्यान गएको देखिँदैन । पानीका कारण हुने गम्भीर संक्रमणप्रति कसले आवाज उठाउने ?

यहाँ पानीको व्यापार चलेकै छ । उनीहरुलाई राजनीतिक संरक्षण छँदै छ । पानीको नारा लगाएर राजनीति चलाएका छन् । आखिर मारमा त उपभोक्ता नै हुन् । उपभोक्ता भनेको सर्वसाधारण जनता नै हुन् । पहुँचवाला, व्यापारी, धनी व्यक्तिहरुले यो समस्या भोग्नै पर्दैन । पानी अभावको पीडामा रहेका राजधानीवासीको आवाज कुनै दिन विष्फोट हुनसक्छ । विद्रोहको उक्त विष्फोटबाट सत्तासीन दल तथा नेताहरुले ठूलो चुनौती सामना गर्नुपर्नेछ । यथाशीघ्र यो समस्याको सम्बोधन गर्ने या चुनौती सामना गर्ने भन्नेमा गम्भीर बनून् ।

*- **रञ्जिता मगर**, महाराजगञ्ज*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**झम्टा नाँच** | **पूर्वी नवलपरासीमा थारु समुदायले हरेक पाँच वर्षमा गर्ने कन्तरी पूजा सुरु हुनुअगाडि कुवाँरवर्ती माई जमराण थानमा झम्टा नृत्य प्रस्तुत गर्दै थारु महिलाहरू ।** *तस्बिरः राजु चापागाई/रासस*

# छोरी–बुहारीको शैक्षिक गन्तव्य बन्दै बर्दिबास कलेज

■ **गोपालप्रसाद बराल**

**महोत्तरी–** उच्च शिक्षाको रहर पालेका छोरी-बुहारीका लागि महोत्तरीको बर्दिबास-१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पस शैक्षिक गन्तव्य बन्न थालेको छ । गरिबीका कारण अन्यत्र जान नसकेका र टाढा जान अभिभावकको स्वीकृति नपाएका छोरी-बुहारीले यस कलेजमा उच्च शिक्षाको रहर पूरा गर्न पाएका हुन् ।

केही वर्षयता स्नातकोत्तर तहको अध्यापन पनि गराउन थालेको यो सामुदायिक कलेज अहिले बर्दिबासमात्रै नभएर औरही, भंगाहा, गौशालाका साथै मिथिला नगरपालिका र बटेश्वर गाउँपालिकाबाट पनि पढ्न आउनेको उल्लेख्य संख्या छ । केही वर्ष पहिले स्नातक सकेका छोरी-बुहारी पनि स्नातकोत्तर अध्ययनका लागि आउन थालेका छन् । 'छोरीमात्र नभएर विवाहित बुहारी पनि नजिकमा कलेज भएपछि स्नातकोत्तर गर्न भर्ना भएका छन्,' उक्त क्याम्पसका सहायक क्याम्पस प्रमुख रुद्रप्रसाद आचार्य भन्छन्, '१०-१२ वर्ष पहिले स्नातक सकेर अन्त पढ्न जान नसकेका थुप्रै विवाहित महिला स्नातकोत्तरको अध्यापन थालिएपछि यहाँ पढ्न आउन थालेका छन् ।'

बर्दिबास-१४ की भगवतीकुमारी साहलाई विवाहपछि स्नातकोत्तर पढ्न पाइएला भन्ने लागेको थिएन । आफ्नो बस्तीकै नजिक क्याम्पसमा स्नातकोत्तरको पठनपाठन सुरु भएपछि उनलाई घरकै सातोपिठो खाएर पढ्ने अवसर मिलेको छ । 'हाम्रो समाजमा गरिबीले मात्र नभई सुरक्षा संवेदनशीलताका कारण पनि छोरी-बुहारीलाई बाहिर पढ्न पठाउन अभिभावकले अप्ठेरो मान्छन् तर घर माइती दुवैको साथ पाउँदा अहिले आफ्नै बस्तीको कलेजमा डिग्री गर्दै छु' उनी भन्छिन् ।

बर्दिबास-५ चेरु माइती भएकी पवित्रा देवकोटाले पनि स्नातक गरेपछि स्नातोकत्तर गर्ने रहर मारेकी थिइन् तर बर्दिबास-१ मा विवाह भएकैले घरबाट एक किलोमिटर दूरीको कलेजमा स्नातकोत्तर तह पढ्न पाइएको उनी बताउँछिन् । त्यस्तै बर्दिबास-१४ की शोभा साह, बर्दिबास-२ माइती भएकी प्रियन्का सुवेदी, बर्दिबास-१ की सरिता कार्की र शिक्षण पेसाकी पवित्रा आचार्यलाई पनि कलेजको सुगमताले विवाहपछि स्नातकोत्तर तहको अध्ययनको अवसर मिलेको छ ।

'यहीबाट स्नातक गरेँ, विवाह रौतटहको चन्द्रपुर भयो, अब पढ्न पाइन्न भन्ने थियो तर माइत बसेर पढ्ने वातावरण मिल्यो,' बर्दिबास-२ माइती भएकी प्रियन्का सुवेदी भन्छिन्, 'अब पार लगाइन्छ भन्ने लागेको छ ।' यसैगरी शोभा गौतम, कविता राउत र मीना पौडेलसहित स्नातकोत्तर तहका छात्राले बर्दिबासमा उच्च तहको पठनपाठन सुरु हुनु आफूहरूलाई वरदान नै बनेको प्रतिक्रिया दिएका छन् । स्नातकोत्तर तहमात्र नभई स्नातक तहमा पनि छात्राको संख्या बढी छ । 'स्नातकोत्तर तहका कूल ६० मध्ये ४० छात्रा छन् । तिनमा पनि ७० प्रतिशत त विवाहित छन्,' सहायक क्याम्पस प्रमुख आचार्य भन्छन्, 'स्नातक तहमा पनि छात्राकै संख्या बढी छ ।' कक्षा १२ पास गरेपछि गरिबीका कारण बाहिर पढ्न जाने अवसर नपाएकी बर्दिबास-९ पशुपतिनगरकी रेखाकुमारी महतोले स्नातक तहको अध्ययन यहाँ थालेकी छन् । स्नातक तह प्रथम वर्षकी उनी पढ्न दैनिक साइकलमा सात किलोमिटर दूरीको क्याम्पस पुग्नुहुन्छ । 'आफ्नै बस्तीको राष्ट्रिय माध्यमिक विद्यालय बनर झुल्लाबाट १२ कक्षा पास गरेँ, धन्न यहाँ कलेज भएकाले पढ्न पाइएको छ,' पढ्ने दृढसंकल्पले थुप्रै पारिवारिक असजिलोलाई नजिकको कलेजले अनुकूल बनाएको रेखाको भनाइ छ । उनीसँगै सो बस्तीका १० जना यस कलेजमा भर्ना भएका छन् । न्यून शैक्षिक शुल्क, घरबस्तीबाट नजिकको कलेज भएपछि छोराछोरीलाई उच्च शिक्षा पढाउन अभिभावकले पनि राहत मिलेको ठानेका छन् ।

बर्दिबास जनता बहुमुखी क्याम्पसमा स्नातकोत्तरको पठनपाठन सुरु भएको चार वर्ष भएको छ । यो तहको पठनपाठन सुरु भएपछि स्नातक गरेर घरजम गर्न लागेका, जागिरमा गएका र अन्य व्यवसाय सम्हालेका छोरी-बुहारीले स्नातकोत्तर तहको अध्ययन गर्न पाएका छन् । वि.सं. २०६४ मा सञ्चालनमा आएको यो क्याम्पसले स्नातक तहका लागि शिक्षाशास्त्र र वाणिज्य संकायको पठनपाठन सञ्चालन गर्दै आएको छ । स्नातक तहमा विभिन्न विषयको अध्यापन हुँदै आएको छ । त्यसैगरी वि.सं. २०७५ देखि शिक्षाशास्त्रअन्तर्गत नेपाली र स्वास्थ्य विषयमा स्नातकोत्तर तहको पठनपाठन क्याम्पसले सुरु गरेको थियो ।

स्नातकोत्तर तहको पठनपाठन सुरु भएकाले महोत्तरीकै औरही-८ टिम्किया बस्तीकी सुनिता ठाकुर यस कलेजले आफ्नो चाहना पूरा गरेको बताउँछिन् । उनले करिब १५ किलोमिटर दूरी छिचोलेर स्नातक र स्नातकोत्तरको अध्ययन गरेकी हुन् । 'एसएलसी (हालको एसइई) पछि मेरो स्टाफ नर्स पढ्ने रहर थियो, गरिबी नै मेरा लागि बाधक बन्यो,' सुनिता भन्छिन्, 'जे होस् अभावैअभावका बीचमा पनि स्नातकोत्तर पूरा गरेँ ।'

आफन्तहरूले आफ्नो स्नातक सकिएपछि विवाहको प्रस्ताव ल्याइरहे पनि बुबा रामदुलारले भने यो छोरीको निर्णयमा भर पर्ने बताइदिएर आफूलाई पढ्ने वातावरण मिलाइदिएको उनको भनाइ छ । 'सम्पत्ति नभएर बुवाले स्टाफ नर्स पढ्ने मेरो रहर पुऱ्याउन सक्नुभएन,' सुनिता भन्छिन्, 'तर, मेरो पढ्ने इच्छाको सधैं उहाँले सम्मान र समर्थन गर्नुभयो, मलाई पढ्न छेकबार पनि भएन ।'

यसैगरी भक्तपुर माइती भएकी कृष्णमाया बिखुञ्छे (मण्डल) पनि बर्दिबास-८ हाथीलेटमा विवाह भएर आएपछि घर (हाथीलेट)बाटै धाएर स्नातकोत्तर तह पार भएपछि दंग छिन् । 'एसएलसी गर्दै गर्दा विवाह गरियो, त्यो पनि मधेसका मण्डलसँग बिहे गरेपछि अगाडि पढ्न पाइन्न कि भन्ने लागेको थियो,' उनी भन्छिन्, 'तर पति, सासु, ससुरा सबैले वातावरण मिलाइदिँदा स्नातकोत्तर पार लगाएँ ।'

क्याम्पसमा यसअघि पनि घरबाटै पढ्न सक्ने वातावरण पाएर छोरी-बुहारीले स्नातकतहसम्मको अध्ययन गर्न पाएका क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष गुन्ज खड्का बताउँछन् । क्याम्पसमा स्नातक तहमा शिक्षा र वाणिज्य संकायको पठनपाठन हुँदै आएको छ । स्नातकोत्तर तहमा भने शिक्षा संकायमा नेपाली र स्वास्थ्य विषयको मात्र त्रिभुवन विश्वविद्यालयले अनुमति दिएको क्याम्पस प्रमुख तोपबहादुर ठकुरीको भनाइ छ । अहिले स्नातक र स्नातकोत्तर तहमा गरी एक हजार १०० छात्रछात्रा रहेकामा ६० प्रतिशतभन्दा माथि छोरी-बुहारीको संख्या रहेको उनी बताउँछन् ।

जताततै सामुदायिक क्याम्पसहरूको शाख गिर्दै गएको प्रतिक्रिया आए पनि यस क्याम्पसको भने शान बढेको छ । अभिभावकको चासो, शिक्षकको समर्पण, व्यवस्थापन समितिको लगन र विद्यार्थीको मेहनतले क्याम्पसले उच्च शिक्षामा राम्रो फड्को मारेको बर्दिबास-८ का सेवा पूर्वशिक्षक सत्यनारायण यादव बताउँछन् । *रासस*

# 'कर्णाली प्रदेशमा कांग्रेस सरकारमा छिट्टै जान्छ'

**सुर्खेत (प्रस)–** उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाली कांग्रेस कर्णाली प्रदेशको सरकारमा छिट्टै जाने बताएका छन् । सुर्खेत विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले केन्द्रीय गठबन्धनअनुसार कर्णालीमा चाँडै नै कांग्रेस सरकारमा जाने बताएका हुन् ।

एमालेसँगको अप्राकृतिक गठबन्धन भत्काएर प्राकृतिक गठबन्धन बनाउन सफल भएको बताउँदै मन्त्री खड्काले अब छिट्टै केन्द्र तथा प्रदेशको सरकारले पूर्णता पाउने बताए । 'संसद् विघटनलाई वैधानिक दिने प्रयत्न एमालेका पार्टी अध्यक्ष केपी ओलीले संसद्मा आफ्नो अभिव्यक्तिमार्फत घोषणा गर्नुभयो र संवैधानिक परिपाटीलाई चुनौती दिनुभयो,' उनले भने ।

यस्तै खड्काले चुनावमा गरेका प्रतिबद्धता र प्रधानमन्त्री पुष्पकमल दाहालले जनतासामु गरेको प्रतिबद्धताअनुसार कर्णालीमा पर्याप्त बजेट उपलब्ध गराउने बताए । साथै कर्णाली राजमार्गलाई आगामी बजेटमा राष्ट्रिय गौरवको आयोजनामा समेट्ने बताए । कर्णाली सरकारले कर्णाली करिडोर सडकको सुरुङ मार्गसहितको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गरिसकेको जानकारी दिए ।

'मुलुकको अर्थतन्त्र ऋणात्मक बनिरहेको, कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था रहेको छ, यसबाट मुक्त हुनका लागि सरकारले आवश्यक नीति, कार्यक्रम र बजेटको कार्यान्वयन गर्नेछ,' उनले भने । न्यूनतम साझा कार्यक्रमको जगमा नीति, बजेट तथा कार्यक्रम ल्याउने जनाउँदै उपप्रधानमन्त्री खड्काले कर्णालीको विकासमा निर्वाचनको समयमा गरेका प्रतिबद्धताका आधारमा अगाडि बढ्ने बताए ।

## नेता कि...

पृष्ठ १ बाट जारी

कि उनले ओलीको राजीनामासमेत मागेका थिए । पार्टीलाई विधि र पद्धतिअनुसार सञ्चालन नगरेको र हठात् संसद् विघटन गरेको भन्दै ओलीले राजीनामा दिनु अनिवार्य हुने उनको तर्क थियो ।

त्यही भएर २ भदौ २०७८ मा एमालेबाट अलग हुँदै नेकपा एस गठन गर्दाताका संस्थापक नेता पनि भए । त्यसबेला एसमा आबद्ध हुनुको कारणबारे प्रस्टचाउँदै न्यौपानेले भने, 'पार्टीको नीति र विधिविपरीत विद्रोह गरेर बनेको पार्टीभित्र प्रक्रिया र पद्धतिलाई अनुसरण गर्दै व्यवस्थित मर्यादित होला भन्ने ठानेको थिएँ ।'

उनले सांसदका लागि झगडा गर्ने, सांसद पाएपछि मन्त्री हुन लफडा गर्ने र 'जति खाए पनि नअघाउने, जति भरे पनि नभरिने' खालको प्रवृत्ति नेकपा एसमा देखापरेको आरोपसमेत लगाए । उनी एमालेमा जाने तयारीमा छन् । तर, भन्नचाहिँ उनले स्वतन्त्र नागरिकको हैसियतमा रहने बताए ।

न्यौपानेको दल त्यागलाई एसकी उपाध्यक्ष जयन्ती राईले 'दल छान्ने, आबद्धता हुने र त्याग्ने' संवैधानिक अधिकारको प्रयोगसँग जोडेकी छन् । 'उहाँको पार्टी परित्यागको विषयमा भन्नु केही छैन । विचार मिल्दै दल छान्ने, त्यहाँ रहने र छाड्न त पाइन्छ नि । कमरेड न्यौपानेले त्यही गर्नुभयो,' उपाध्यक्ष राईले भनिन् ।

पूर्वश्रममन्त्रीसमेत रहेका न्यौपानेले पार्टीका सम्मानित नेता झलनाथ खनालले पनि छिट्टै पार्टी परित्याग गर्ने दाबी गरे । खनालनिकट एक नेताका अनुसार भने तत्काल पार्टी छाड्ने मनस्थितिमा उनी छैनन् । 'पार्टी छाड्ने हल्ला एमालेले चलाइरहेको छ । त्यो निराधार हो,' ती नेताले प्रभावसँग भने ।

तर, खनाल ती नेता हुन्, जसले बारम्बार एमालेसँग पार्टी एकता गर्नुपर्ने बताउने गरेका छन् । पछिल्लो समय उनी र एमाले अध्यक्ष ओलीको सम्बन्धमा पनि सुधार आएको छ । खनालको यसपटक राष्ट्रपति हुने आशा पनि थियो । तर, कांग्रेसको भागमा पऱ्यो । यसले पनि असन्तुष्ट खनालले एस परित्याग नगर्लान् भन्न नसकिने एसकै नेताहरू बताउँछन् ।

यही १४ चैतमा एसका उपाध्यक्ष केदार न्यौपानेले राजीनामा दिँदै दल त्याग गरेका थिए । उनको राजीनामा स्वीकृत भइसकेको छ । स्थायी कमिटी सदस्य चुडामणि जंगलीले पनि दल त्याग गरेका छन् । उनको पनि राजीनामा स्वीकृत भइसकेको छ । बिहीबार मात्रै दलका प्रमुख सचेतक मेटमणि चौधरीका प्रमुख स्वकीय सचिव भूमाण्डप केसी, स्वकीय सचिव सौरभसिंह महरासँगै दाङका केही नेता कार्यकर्ताले दल त्याग गरेका थिए । दल त्याग गर्नेमा केन्द्रीय परिषद् सदस्य मीना गुरुङसमेत छिन् ।

'पार्टीभित्र व्यक्तिवादी अहंकारवाद, निरंकुश एवं स्वेच्छाचारी प्रवृत्ति मौलाउँदै गएको र पार्टीको माध्यमबाट नेपाली कम्युनिस्ट आन्दोलनको शुद्धीकरण हुन सक्दैन,' दल त्याग्ने क्रममा उनीहरूले भनेका थिए ।

गत ९ भदौमा पार्टीको सुदूरपश्चिम प्रदेश कमिटी अध्यक्ष विक्रमबहादुर शाहीले पार्टी परित्याग गरेका थिए । कांग्रेसको नीति र नेतृत्व स्वीकारेर भित्रिरूपमा नेपाली कम्युनिस्ट आन्दोलन सिध्याउने रणनीति थाहा पाउनु पार्टी परित्यागको कारण भएको बताएका थिए । एसकी चर्चित नेतृ रामकुमारी झाँक्री, प्रेम आलेलगायत केही नेता पनि एमाले फर्किन सक्ने चर्चा चल्दै आएको छ ।


## Kakani Rural Municipality
## Office of Rural Municipal Executive
### Ranipauwa, Nuwakot

***(Notice No. 18/kkni/bldg/2079-80)***

***Date of publication: 2079-12-26***

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding

| IFB Contract no. | Description and location of works | Estimate amount (Excluding VAT NRs) | Bid Security Amount,NRs. | Bid Validity period/Bid Security Validity period | Price of Bid Document, NRs. |
|---|---|---|---|---|---|
| 18/kkni/bldg/ 2079-80 | Kakani Administrative Building Interior Design works | 9679232.05 | 326000.00 | 90 days/120days | 3000. |

2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dares are sa given below.

| Pre Bid Meeting | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address | Details of Bank For deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|
| 2080/01/15 | 2080/01/25 within office Hour | 2080/01/26, 12:00 Hrs. | 2080/01/26, 13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khaata) | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch deposit Account no:0213401251034042 Name of the Office : Kakani rural municipality, Office of municipal Executive, Ranipauwa, Nuwakot |

3. Bid Documents shall be download from e-GP portal of PPMO's websitewww.bolpatra.gov.np/egp Bidders submitting their bid electronically, shoulddeposit the cost of biding document in the office's RajaswoKhata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
4. Eligible Bidders are advisedto visit e-GP portal of PPMO'Swebsitewww.bolpatra.gov.np/egpfurther Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :010-411022 and mailing Address: ito.kakanimun@gmail.com
5. If the last date of purchasing, submission and opening falls on a government Holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
6. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website http://www.bolparta.gov .np/egp.
7. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EMFORCE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/१२/२४ | LT. No. 284073 | चलानी नं. ६०१९९६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ३ गते (16th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निः शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Valley Nepal Pvt.Ltd.**

श्रम ईजाजत नं. १५२६/०७४/०७५

Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
Mobile: 981-0526239,981-3135331, 9845991195, 9803852898, 9826643692
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

## मनिष रञ्जनको भजन सार्वजनिक

गायक मनिष रञ्जन बरालको नयाँ भजन सार्वजनिक भएको छ । गायक बरालको 'लैजाउन हे प्रभु मलाई वृन्दावन' बोलको भजन शुक्रवार सार्वजनिक भएको हो । बराल स्वयमको स्वर, संगीत रहेको भजनमा भेषराज भट्टराईको शब्द रहेको छ। भजनमा राजन कार्कीले एरेन्जको साथै ध्वनी मिश्रण गरेका छन् । अभिनयमा सन्जन पौडेल, करूणा न्यौपाने, भावना कुईकेल, प्रेशिका खड्कालाई देख्न सकिन्छ। यस भजनको भिडियोको छायांकन सन्तोष तिमिल्सिनाले गरेका हुन्, भने सम्पादन राजन कार्कीले गरेका हुन् । भिडियो मनिष रञ्जन बराल युट्युव च्यानल मार्फत सार्वजनिक गरिएको छ ।






# 'आँखाको नानी भित्र'मा विकाश र पुनमको रोमान्स

**काठमाडौं (प्रस)–** गायक मेघ पौडलको आँखाको नानी भित्र बोलको गीतको भिडियो रिलिज गरिएको छ । सिडी बिजय अधिकारीको शब्द , संगीत रहेको सार्वजनिक गीतमा गोपाल रसाइलीको एरेन्ज रहेको छ ।

गोपाल रसाइलीको एरेन्ज रहेको सार्वजनिक गीतमा मिक्स र मास्टरिङ राजु कार्कीले गरेका हुन् । प्रेम र रोमान्सले भरिएको प्रेमगीतको भिडियोमा एक प्रेमील जोडीको रमाइलो कथालाई निर्देशक प्रकाश धितालले कलात्मक शैलीमा भिडियोमा देखाएका छन् ।

जसमा मोडल विकाश चौहान र पुनम गौतमको प्रेम र रोमान्स देख्न सकिन्छ। भिडियोले मायामा डुबेपछि प्रेमी र प्रेमीकाको सुन्दरताको वर्णन गरेको कुरालाई मोडलद्धय विकाश र पुनम मार्फत देखाएको छ । उत्सब दाहालको छायांकन तथा विकाश दाहालको सम्पादन र कलिरिङ रहेको आँखाको नानीभित्र गायक



स्वयंकै च्यानल अनिमेघ क्रियशनबाट बजारमा आएको हो ।

भिडियोको निर्माण सपना मेघ पौडेलले गरेकी हुन् । जर्नी नामक एल्बमबाट आफ्नो सांगीतिक यात्रा सुरु गरेका गायक मेघका इन्टु मिन्टु लण्डन, मनै त हो, ह्याप्पी बर्थ डे, सायद, तिमी छौ र म छु, हामी वीर गोर्खाली, लगायतका दजैनौं गीतहरू बजारमा आइसकेका छन् ।

# विमलको नयाँ गीत सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली लोकसंगीतका गायक तथा सर्जक विमलराज क्षेत्रीको नयाँ गीत सार्वजनिक भएको छ । क्षेत्रीले 'घर त पर हो' बोलको गीत विमलराज क्षेत्री नामक युट्युब च्यानलबाट सार्वजनिक गरेका हुन् । गीतमा उनको आफ्नै शब्द, संगीत, स्वर रहनुका साथै भिडियोमा अभिनय पनि गरेका छन् ।

डेढ दशकअघि नेपाली लोकसंगीत उनका गीतले लोकप्रियताले शिखर छोएका थिए। क्षेत्रीका हरेक गीतले श्रोता र दर्शकको मन जितेको थियो । क्षेत्रीले १५ वर्षपछि 'घर त पर हो' बोलको गीत सार्वजनिक गरेको जानकारी दिनुभयो । 'म संगीतको साधनामा नै थिएँ । हराएको चाहिँ होइन । अब निरन्तर लोकगीत बजारमा ल्याउँछु', उनले भने ।

दुई दशकअघि 'बल्लै भो भेट' गीतबाट चर्चामा आएका क्षेत्रीको रानीघाटैमा, मधुबनैमा, जापान टोकियो, ए हजुर एक्लो परानी, हिमाल सेतै छलगायत दर्जन बढी गीतले श्रोता माझ बलियो स्थान जमाउन सफल भएका थिए। पर्वत घर भएका क्षेत्रीले गीतसंगीतका साथै प्रशान्ति क्यासेट सेन्टर पनि सञ्चालन गरेका थिए ।

'विसं २०६४ सालमा अन्तिम पटक मेरो आफ्नै लय, शब्द र स्वरमा 'डुल्छु रन वन' गीतमा मोडलिङ गरेको थिएँ । अहिले १५ वर्षको अन्तरालमा 'घर त पर हो' गीतबाट फेरि अभिनयमा फर्केको छु', उनले भने, ' यात्रा सहज नहुँदो रहेछ । चर्चा र लोकप्रियता शेयर बजारजस्तो हुँदो रहेछ । कहिले हरियो त कहिले रातो । भाइरलभन्दा पनि आउँदो पुस्ताले स्वीकार्न सक्ने सृजना दिनुपर्छ भन्ने लाग्छ ।'

शब्द, लय र स्वर उनकै रहेको उक्त गीतमा टीकाकुमारी क्षेत्रीले साथ दिएका छन् । भिडियोको निर्देशन उदिराम खड्काले गरेका छन् भने अभिनय कविता गलाल, उदिराम खड्का, टीकाकुमारी क्षेत्री र गायक क्षेत्रीको रहेको छ ।

# तनहुँका चार स्रस्टा पुरस्कृत

**तनहुँ (प्रस)–** गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँले चार जना स्रस्टालाई पुरस्कार प्रदान गरेको छ । मञ्चले स्थापना गरेको विभिन्न पुरस्कारबाट चार जना स्रस्टा पुरस्कृत भएका हुन् । भानु नगरपालिका-१२ बयापानीमा शनिबार आयोजित स्रस्टा सम्मान तथा काव्य उत्सवको अवसरमा प्रा डा सुरेन्द्र केसीले पुरस्कार प्रदान गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा डा जगमान गुरुङलाई नेपाल अधिराज्यमा तनहुँ वाङ्मय पुरस्कार प्रदान गरिएको छ । नेपाली इतिहास एवं संस्कृतिमा पुऱ्याएको योगदानको कदर गर्दै गुरुङलाई उक्त पुरस्कार अर्पण गरिएको प्रतिष्ठानका अध्यक्ष आकाश अधिकारीले जानकारी दिए । उक्त पुरस्कारको राशि रु २५ हजार रहेको छ ।

क्षेत्र प्रताप अधिकारी स्मृति साहित्य पुरस्कार वरिष्ठ साहित्यकार गुल्मीमा जन्मिइ हाल काठमाडौं बूढानीलकण्ठ निवासी डा रामप्रसाद ज्ञवालीलाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि रु २५ हजार रहेको छ ।

गीतल राष्ट्रिय पुरस्कार कास्कीको पोखरा महानगरपालिका-८ निवासी चित्रकार कृष्ण मर्सानीलाई प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि रु दश हजार रहेको छ । गीतल प्रतिभा पुरस्कार तनहुँको शुक्लागण्डकी नगरपालिका-४ निवासी कवि एवं गजलकार अथाह सागर तीर्थमानलाई प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि रु पाँच हजार रहेको छ।

मञ्चले विगत छ वर्षदेखि विभिन्न व्यक्तिलाई उक्त पुरस्कारबाट सम्मान गर्दै आएको सचिव माधव अधिकारीले जानकारी दिए । क्षेत्र प्रताप स्मृति साहित्य पुरस्कार भने यसै वर्षदेखि पहिलोपटक प्रदान गरिएको हो ।

कार्यक्रममा प्रा. डा. सुरेन्द्र केसीले साहित्यको क्षेत्रमा प्रतिष्ठानले गर्दै आएको काम सकारात्मक रहेको चर्चा गरे । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलोको विकासका लागि नगरपालिकाले काम गरिरहेको बताए । कार्यक्रममा भारत, भुटानलगायत नेपालका विभिन्न ठाउँबाट सहभागी स्रस्टाले साहित्यवाचन गरेका थिए ।

# आकांक्षा आत्महत्या प्रकरणमा गायक पक्राउ

■ एजेन्सी

**मुम्बई–** भोजपुरी अभिनेत्री आकांक्षा दुबेको आत्महत्या प्रकरणका आरोपी गायक समर सिंह पक्राउ परेका छन् ।

समर सिंहमाथि आकांक्षालाई आत्महत्या गर्न उक्साएको आरोप लागेको छ । भारतीय प्रहरीले उनी माथी आत्महत्या दुरुत्साहनको बिषयमा सोधपुछ गर्नेछ ।

समर सिंहलाई वाराणसी आयुक्तालयको अपराध शाखाले गाजियाबादबाट पक्राउ गरेको हो ।

प्रहरीले लामो समयदेखि समर सिंहको खोजी गरिरहेको थियो । अब समर सिंहलाई अदालतमा पेश गरी ट्रान्जिट रिमाण्डमा वाराणसी ल्याउने तयारी भइरहेको छ । यस घटनाका दोस्रो अभियुक्त सञ्जय सिंह अझै पक्राउ परेका छैनन्, उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

आकांक्षा गत आइतबार उत्तर प्रदेशको सारनाथस्थित एक होटलको कोठामा मृत फेला परेकी थिइन् ।

मोडलबाट अभिनयको दुनियाँमा आएकी भोजपुरी नायिकाले आत्महत्या गरेको बिषयमा प्रहरीले थप आशंका गरेको छ तर अहिलेसम्म कुनै सुसाइड नोट फेला परेको छैन ।

आकांक्षाले 'कसम पैदा करने वाले की २, मुझसे शादी करोगी (भोजपुरी( र वीरों के वीर जस्ता धेरै क्षेत्रीय फिल्महरूमा काम गरेकी थिइन । उनले भोजपुरी म्युजिक भिडियो र फिल्ममा पनि काम गरेकी थिइन् ।



# दोस्रो खेलमा पनि नेपाल पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पेरिस ओलम्पिक महिला फुटबल अन्तर्गत एसिया छनोटको पहिलो चरणको दोस्रो खेलमा पनि पराजित भएको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार घरेलु टोली नेपाल बलियो राष्ट्र भियतनामसँग २-० गोल अन्तरले पराजित भएको हो ।

भियतनामको जितमा फाम हाइ यनले दुई गोल गरिन् । फामले दुई मिनेट भित्र दुई गोल गर्दै पाहुना टोलीलाई जित दिलाएकी हुन् । खेलको छैटौं मिनेटमा फामले गोल गर्दै भियतनामलाई सुरुआती अग्रता दिलाएकी थिइन् । एनगुएन थि मेको कर्नरमा नेपाली डिफेन्डरले क्लियर गर्न नसकेको बलमा फामले गोल गरिन् ।

त्यसको एक मिनेट नबित्दै सातौं मिनेटमा फामले व्यक्तिगत दोस्रो गोल गर्दै भियतनामलाई



२-० को जित दिलाईन् । ट्रान थि ठु थाओको क्रसमा नेपालका तीन डिफेन्डरको बीचमा रहेकी फामले बल नियन्त्रणमा लिदै उत्कृष्ट गोल गरिन् । दोस्रो हाफमा भियतनामविरुद्ध हाबी भएपनि नेपालले केहि गोलको अवसर भने खेर फालेको थियो ।

खेलको २८ औं मिनेटमा विमला विकको लामो पासमा नेपालकी सावित्रा भण्डारीले प्रहार गरेको बल भियतनामी गोलकिपर खोङ थि हाङले उत्कृष्ट बचाउ गरिन् ।

३९ औं मिनेटमा नेपालकी सावित्राले गोलको अवसर खेर फालिन । सरु लिम्बुको पासमा सावित्राले पेनाल्टी क्षेत्रभित्रबाटको फितलो प्रहार भियतनामी गोलकिपर खोङ थि हाङले बचाईन् ।

खेलको ६६ औं मिनेटमा नेपालको गोलको अर्को मौका गुमाएको थियो । भियतनामी डिफेन्डर ली थिले हेडरमार्फत क्लियर गरेको बल डिबक्स भित्र नियन्त्रणमा लिदै दिपा शाहीले प्रहार गरेको बल पोलमा लाग्दै फर्किएको थियो ।

नेपालमाथि लगातार दुई जित निकालेसँगै भियतनाम भने दोस्रो चरणमा प्रवेश गरेको छ । पहिलो खेलमा भियतनामले नेपाललाई ५-१ गोल अन्तरले हराएको थियो । नेपाल भने पहिलो चरणबाट बाहिरिएको छ ।

# स्टार सिटी क्लब गौरीगंगा गोल्ड कपको सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**धनगढी–** स्टार सिटी युवा क्लब कैलाली गौरीगंगा गोल्ड कपको सेमिफाइनलमा प्रवेश गरेको छ। आयोजक गौरीगंगा-११ स्पोर्ट्स क्लबलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले पराजित गरी स्टार सिटीले 'जग शक्ति गोल्ड टिएमटी तेस्रो सुदूरपश्चिम गौरीगंगा गोल्ड कप' को अन्तिम चारमा स्थान पक्का गरेको हो।

निर्धारित समयमा दुवै टोलीले १-१ को बराबरी खेलेपछि खेल टाइब्रेकरमा गएको थियो । खेलको ८ औँ मिनेटमै स्टार सिटीका कमल देउवाले गोल गरी टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफ १-० मा रहेको खेलमा ७५ औँ मिनेटमा आयोजक गौरीगंगाका नीराजन धामीले १ गोल फर्काएपछि खेल बराबरीमा सकियो । टाइब्रेकरमा स्टार सिटीका कुशल देउवा, माधव भण्डारी, किरण बोहरा र विष्णु चौधरीले गोल गरे । गौरीगंगा स्पोर्ट्सका तर्फबाट प्रकाश बोहरा, भरत बोगटी र सन्दीप कडायतले मात्र गोल गर्न सके ।

प्रतियोगिता अन्तरगत आइतबार बाजुरा र नवलपरासी आमनेसामने हुनेछन् । विजेता टोली अन्तिम चारमा पुग्ने छ । स्टार सिटीसँगै बर्दियाको नव युवा मैत्री भाव एकता समाज क्लब र बाँकेको रेसिङ सहारा क्लब यस अघि नै सेमिफाइनल पुगिसेका छन् ।

'खेलौं फुटबल रमेर, खेलकुदको सन्देश, शान्ति स्थायित्व र एकताबद्ध देश' भन्ने नाराका साथ गौरीगंगा-११ स्पोर्टस् क्लबले आयोजना गरेको प्रतियोगिता चैत ३० गतेसम्म सञ्चालन हुने छ ।

१० टोलीले सहभागिता जनाएको प्रतियोगिताको विजेतालाई ट्रफी सहित नगद ४ लाख र उपविजेता लाई ट्रफी सहित नगद २ लाख पुरस्कार प्रदान गरिने छ भने सर्वोत्कृष्ट खेलाडीलाई नगद ५० हजार प्रदान गरिने आयोजकले जानकारी दिएको छ। साथै सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक लगायत विभिन्न विद्याका उत्कृष्ट खेलाडीलाई विधागत रूपमा ट्रफी सहित नगद १० हजार पुरस्कार दिइने छ । सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धन गर्न, नगर क्षेत्रमा खेलकुदको चहलपहल बढाउन, व्यावसायिक खेलाडी बनाउन तथा युवालाई खेलकुदमा लाग्न अभिप्रेरित गर्नका लागि प्रतियोगिता गरिरहेको क्लबका अध्यक्ष दिनेश कलेलले जानकारी दिए ।

प्रतियोगिताको मुख्य प्रायोजकमा जगदम्बा ईन्टरप्राईजेजको उत्पादन जग शक्ति गोल्ड टिएमटी फलामे छड रहेको छ । मुख्य प्रवर्द्धकमा गौरीगंगा नगरपालिका, सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्, राष्ट्रिय खेलकुद परिषद्, नेपाल टेलिकम रहेका छन्। प्रतियोगिताको प्रायोजकहरूमा सतराज ईन्टरनेशनल, न्यु प्लानेट इन्जिनियरिङ, केवी सौगात क्लिनिक र वेष्टन लिकर्स रहेका छन् ।

# अल्टाधाविका राई सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोशी प्रदेश सरकारले प्रदेशका दुई उत्कृष्ट खेलाडीहरूलाई सम्मान गरेको छ । अल्टाधाविका प्रिया राई र क्रिकेट खेलाडी ललित राजवंशीलाई मुख्यमन्त्री हिक्मत कार्कीले नगद र प्रमाणपत्रसहित सम्मान गरेका हुन् ।

खोटाङ ऐसेलुखर्कको अल्ट्रा धाविका प्रिया राईलाई प्रदेश १ सरकारले १ लाख नगद सहित सम्मान गरेको छ ।

राईले अल्ट्रा म्याराथन मार्फत विश्वमा नेपाल र प्रदेशलाई चिनाएको र यसले नेपालको प्रतिष्ठालाई उच्च बनाएको भन्दै सम्मान गरिएको हो ।

राईले गत डिसेम्बर १० मा थाइल्यान्डमा सम्पन्न युटियम्बी वर्ल्ड सिरिजमा ५३ किलोमीटर अल्ट्रा दौड प्रतियोगितामा नेपाललाई रजत पदक दिलाएकी थिइन् । अहिलेसम्म देशका उत्कृष्ट अल्ट्रा म्याराथनको उपाधी आफ्ना पोल्टा पार्न सफल भएकी छिन् ।




मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यलय बिराटनगरमा आयोजना गरिएको सोही कार्यक्रममा क्रिकेटर ललित राजवंशी पनि नगद एक लाख एघार हजार सहित सम्मानित भएका छन् ।

उनले क्रिकेटको माध्यमबाट देशलाई विश्वमा चिनाएको साथै वर्ल्डकपमा छनोट भएको भन्दै प्रदेश सरकारले नगदसहित सम्मान गरेको हो । उक्त कार्यक्रममा राई र राजवंशीसहित अन्य बिधाका विभिन्न खेलाडिहरू सम्मानित भएका थिए ।

त्यस्तै प्रदेश १ सरकार हिक्मत कार्कीले खेलाडिहरू खेलकुदमा ढुक्क भएर खेल्न आग्रह गरे । खेलकुद विकासको लागि प्रदेश सरकार सधै तत्पर रहेको र यस वर्ष खेलकुद विकासको लागि बजेटसमेत सुधार गर्ने बताए । कार्कीले राजनीति गर्न आफूहरूलाई छोडिदिनु र खेलकुदमा राजनिती नगर्न आग्रह गरे ।

# राष्ट्रपति मुर्मु सैनिक विमानमा



**गुवाहाटी–** राष्ट्रपति द्रौपदी मुर्मुले शनिबार असमको तेजपुर एयरस फोर्स स्टेशनमा ुखोई ३० एमकेआई लडाकू विमानमा उडान गरेका छन् । सो विमानमा चढ्नुअघि राष्ट्रपतिलाई स्टेशनमा गार्ड अफ अनर दिइएको थियो । राष्ट्रपति मुर्मु अप्रिल ५ देखि ८ सम्म असमको तीन दिने राजकीय भ्रमणमा छन् ।

शुक्रबार राष्ट्रपति मुर्मु गुवाहाटीमा गुवाहाटी उच्च अदालत स्थापनाको ७५ वर्ष पूरा भएको अवसरमा आयोजित समारोहमा सहभागी भएका छन् । सो अवसरमा उनले महिला तथा वृद्धवृद्धाको सुरक्षाका लागि बनाइएको मोबाइल एप 'भोरोक्सा'को शुभारम्भ गरेका थिए ।

'सभालाई सम्बोधन गर्दै राष्ट्रपतिले भारतको न्यायिक परिदृश्यमा गौहाटी उच्च अदालतको एक अद्वितीय स्थान रहेको बताए । सो अदालतको सन् १९४८ मा स्थापना भएको हो । भ्रमणको दोस्रो दिन राष्ट्रपतिले आसामको काजिरंगा राष्ट्रिय निकुञ्जमा गज उत्सव २०२३ को उद्घाटन गरेका छन् । सो अवसरमा राष्ट्रपति मुर्मुले प्रकृति र मानवताबीचको पवित्र सम्बन्ध रहेको बताएका छन् ।

'प्रकृतिलाई सम्मान गर्ने संस्कृति हाम्रो देशको पहिचान हो । भारतमा प्रकृति र संस्कृति एकअर्कासँग जोडिएका छन् र एकअर्काबाट परिपोषित छन् । हाम्रो परम्परामा हात्तीलाई सबैभन्दा बढी सम्मान गरिएको छ । यसलाई समृद्धिको प्रतीक मानिएको छ । यो भारतको राष्ट्रिय सम्पदामा सम्मानित र संरक्षित पशु हो ।'

राष्ट्रपति मुर्मु राज्यको तीन दिने भ्रमणका लागि बिहीबार बिहान असमको गोलाघाट जिल्ला आइपुगेका हुन् । असमका मुख्यमन्त्री हिमन्त विश्व शर्मा र राज्यका गभर्नर गुलाब चन्द कटारियाले बिहीबार गोलाघाटको बोकाखाटको जनरल फिल्ड हेलिप्याडमा राष्ट्रपति मुर्मुलाई स्वागत गरेका थिए । *रासस/एएनआई*

## प्रहरीसँगको झडपमा कराँचीमा ३ जनाको मृत्यु

**इस्लामावाद–** पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराँचीमा शनिबार बिहान प्रहरीसँगको झडपमा तीन जनाको मृत्यु भएको छ । प्रहरीले विज्ञप्ति जारी गर्दै सहरभरि नियमित गस्तीका क्रममा दुईवटा मोटरसाइकलमा सवार शंकास्पद तीनजनालाई रोक्न खोज्दा प्रहरीमाथि गोली प्रहार भएको र जवाफी कारबाहीमा मारिएको जनाएको छ ।

मारिएका अपराधीको पहिचान भएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सहरमा लुटपाटका घटना बढेसँगै स्थानीय कानुन प्रवर्तन निकायले सडक अपराधीविरुद्धको कारबाहीलाई तीव्र बनाएको छ । यसैगरी शनिबार बिहानै प्रहरीले सहरका विभिन्न क्षेत्रमा अपरेसन गरी पाँचजना शंकास्पदलाई पक्राउ गरेको पनि जनाएको छ । *रासस/सिन्ह्वा*

## इयूद्वारा इजरायलमा भएको आक्रमणको निन्दा

**ब्रसेल्स–** युरोपेली संघले शनिबार इजरायलमा भएको घातक हमला र लेबनानबाट प्रहार गरिएको रकेट ब्यारेजको निन्दा गरेको छ ।

संघले सबै पक्षलाई 'संयम' अपनाउनका लागि आह्वानसमेत गरेको छ । 'इयूले यस किसिमका हिंसापूर्ण गतिविधिको पूर्णनिन्दा गर्दछ । हिंसा बन्द हुनुपर्छ,' ब्लाकका विदेश नीति प्रमुख जोसेप बोरेलले इजरायलमा शुक्रबारको आक्रमणपछि विज्ञप्ति जारी गर्दै उल्लेख गरेका छन् ।

कब्जा गरिएको वेस्ट बैंकमा गोली हानाहानमा १६ र २० वर्षका दुई बेलायती-इजरायली दिदीबहिनीको मृत्यु भएको र आमा गम्भीर घाइते भएकी छिन् भने तेल अवीभमा साइकल चलाउने बाटोमा हिँडिरहेका मानिसलाई कारले ठक्कर दिँदा एकजना इटालियन पर्यटकको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन् ।

बोरेलले गाजा पट्टी र लेबनानबाट भएको 'अन्धधुन्ध' रकेट फायरको पनि निन्दा गरेका छन् ।

यसैगरी जेरुसेलमको अल-अक्सा मस्जिदभित्र बुधबार इजरायली प्रहरी र प्यालेस्टिनीबीच झडप भएको हुँदा इजरायलले गाजा र लेबनान दुबैमा प्यालेस्टाइनी लडाकूले रकेट फायर गरेपछि इजरायलले बमबारी गरेपछि हिंसा बढेको बताएको छ ।

बोरेलले सम्बन्धित सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गर्दै तनाव कम गर्न र जारी धार्मिक विवाद शान्त पार्न पनि आग्रह गरेका छन् । *रासस/एएफपी*


गल्यांङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्यांङ. स्याङ्जा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम प्रटक प्रकाशित मिति २०७९/१२/२६

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यक्रमको नाम | ठेक्का नं | बोलपत्रदाताको नाम | बोलपत्रदाताको कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | Supplying of Mini Tiller, Combined Mill and Brush Cutter for Galyang Municipality | GM/SYA/NCB/GOODS/12/2079/80 | Bhanu Enterprises, Parshyang-05,Kaski | ४६,०४,८०६ |

प्रमुख प्रशासकीय अधिकृत



**एबल बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा.-२२, प्युखा, न्यूरोड, काठमाडौं
फोन नं.०१-५३२९९९३

**ऋण रकम चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२६ गते**

यस सहकारी संस्था लि.बाट कर्जा रकम लिई हालसम्म साँवा, व्याज र हर्जना रकम नबुझाउनु भएका तपसिलका ऋणीहरुलाई साँवा, व्याज र हर्जना रकम अविलम्ब बुझाउन हुन यो **३५ दिने सूचना** प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले **३५ दिनभित्रमा आफूले तिर्नुपर्ने साँवा, व्याज र हर्जना रकम अविलम्ब** संस्थामा बुझाउनु हुन अनुरोध गरिएको छ । अन्यथा संस्थाको नियमानुसार कानुनी कारवाही अगाडि बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र. सं. | ऋणीको नाम, थर, वतन | ऋणीको तीनपुस्ते | | स्थायी ठेगाना | हालको ठेगाना | जमानीकर्ताको नाम, थर, वतन | जमानीकर्ताको तीनपुस्ते | |
|---|---|---|---|---|---|---|---|---|
| | | बाबु | बाजे | | | | बाबु/पति | बाजे/ससुरा |
| १. | **थलबलसिं** तामाङ्ग ना.प्र.प.नं. ४६८९२/४२६ काभ्रेपलाञ्चोक | लालबहादुर तामाङ्ग | रामसिं तामाङ्ग | पनौती न.पा.-११, साविक: बल्थली-५, काभ्रेपलाञ्चोक | कामपा-२२, न्यूरोड, काठमाडौं | दिपमाया तामाङ्ग | थलबलसिं तामाङ्ग | लालबहादुर तामाङ्ग |
| २. | **रुविना श्रेष्ठ** ना.प्र.प.नं. १२७५९५ काभ्रेपलाञ्चोक | बनाथकाजी माकजु | उनीकाजी माकजु | धुलिखेल न.पा.-२, काभ्रेपलाञ्चोक | कामपा-१०, बिजुलीबजार | रोशन श्रेष्ठ | राजकुमार श्रेष्ठ | द्वारिकानाथ श्रेष्ठ |
| ३. | **सतिष सापकोटा** ना.प्र.प.नं. ७३७२ काठमाडौं | सूर्यप्रसाद सापकोटा | टोपप्रसाद सापकोटा | सिद्धार्थ न.पा.-७, रुपन्देही | कामपा-२२, न्यूरोड, काठमाडौं | सिर्जना पौडेल | सतिष साकोटा | सूर्यप्रसाद सापकोटा |
| ४. | **भीमप्रसाद अधिकारी** ना.प्र.प.नं. २८२०२७४ मकवानपुर | ठाकुरप्रसाद अधिकारी | भवनाथ अधिकारी | हेटौडा उपमपा-५, पिप्ले, मकवानपुर | कामपा २२, न्यूरोड, काठमाडौं | पवित्रा अधिकारी | भीमप्रसाद अधिकारी | ठाकुरप्रसाद अधिकारी |
| ५. | **राजेन्द्र राई** ना.प्र.प.नं. १३५६/२४७०, काठमाडौं | बुद्धिकर्ण राई | धकबहादुर राई | कामपा-३१, बागबजार, काठमाडौं | कामपा-३१, बागबजार, काठमाडौं | सुम्निमा राई | राजेन्द्र राई | बुद्धिकर्ण राई |
| ६. | **प्रकाश श्रेष्ठ** ना.प्र.प.नं. १९२७ काठमाडौं | पूर्णमान श्रेष्ठ | गणेशबहादुर श्रेष्ठ | शेषनारायण गाविस-१,काठमाडौं | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| ७. | **गणेशदत्त भट्ट** ना.प्र.प.नं. १७१४, बैतडी | गङ्गादत्त भट्ट | उमाकान्त भट्ट | रेडिदेवल गाविस-९,बैतडी(साविक), परिवर्तित: पञ्चेश्वर गापा-६, बैतडी | कामपा-२२, न्युरोड, काठमाडौं | बिमला भट्ट | गणेशदत्त भट्ट | गङ्गादत्त भट्ट |
| ८. | **माधव दाहाल** ना.प्र.प.नं. ९७८५ ललितपुर | डिल्लीप्रसाद दाहाल | टिकाराम दाहाल | कालेश्वर गाविस, परिवर्तित: महांकाल गापा | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| ९. | **प्रमोद कुमार श्रेष्ठ** ना.प्र.प.नं. ६४८३२ काभ्रेपलाञ्चोक | विष्णुलाल श्रेष्ठ | निलकण्ठ श्रेष्ठ | धुलिखेल न.पा.-२, काभ्रेपलाञ्चोक | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १०. | **युवराज खतिवडा** ना.प्र.प.नं. ८८५५/२३० मोरङ्ग | भगीरथ खतिवडा | होम प्रसाद खतिवडा | अमरदह-६, मोरङ्ग | कामपा-२२, न्युरोड, काठमाडौं | सिर्जना खतिवडा | युवराज खतिवडा | भगीरथ खतिवडा |
| ११. | **हरि बहादुर श्रेष्ठ** ना.प्र.प.नं. ५६४३ धादिङ्ग | मान बहादुर श्रेष्ठ | भोज बहादुर श्रेष्ठ | चैनपुर-७, धादिङ्ग | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १२. | **ईश्वरी वास्कोटा** ना.प्र.प.नं. ६९२/३६८ पाँचथर | बेलासपति वास्कोटा | पदम कुमार वास्कोटा | सिरिन गाविस-९, पाँचथर | कामपा २२, न्युरोड, काठमाडौं | उपेन्द्र वास्कोटा | ईश्वरी वास्कोटा | वेलासपति वास्कोटा |
| १३. | **प्रदिपचन्द्र देवजु श्रेष्ठ** ना.प्र.प.नं.४४८३१ काभ्रेपलाञ्चोक | कालिसदास देवजु श्रेष्ठ | भाजुकृष्ण देवजु श्रेष्ठ | धुलिखेल न.पा.-३, काभ्रेपलाञ्चोक | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १४. | **कृष्णराज तिमिल्सना** ना.प्र.प.नं. ६५५४३ रामेछाप | विर बहादुर तिमिल्सना | पदम बहादुर तिमिल्सना | गुन्सी गाविस-६, रामेछाप | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १५. | **किशोर कुमार श्रेष्ठ** ना.प्र.प.नं. ११८४५३३५, झापा | भिम बहादुर श्रेष्ठ | तेज बहादुर श्रेष्ठ | भद्रपुर नपा-४, झापा | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १६. | **उमेश सापकोटा** ना.प्र.प.नं. २७३०२ ९/३५९८, काठमाडौं | अम्बर बहादुर सापकोटा | भोज बहादुर सापकोटा | साङ्ला-१, काठमाडौं | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १७. | **ईश्वर घिमिरे** ४९९७ काठमाडौं | तेज नाथ घिमिरे | शिव प्रसाद घिमिरे | साङ्ला-१, काठमाडौं | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| १८. | **शुशिला श्रेष्ठ** ना.प्र.प.नं. ९२८२ काठमाडौं | मणिकलाल श्रेष्ठ | सत्यमान श्रेष्ठ | कीर्तिपुर न.पा.-४ काठमाडौं | कामपा-२२, न्युरोड, काठमाडौं | मिनकाजी श्रेष्ठ | | |
| १९. | **निरशंकर श्रेष्ठ** १५६९ ललितपुर | जगतनारायण श्रेष्ठ | ध्रुबनारायण श्रेष्ठ | ललितपुर मपा-२१, ललितपुर | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| २०. | **ओम ताम्राकार** ६८९७ काठमाडौं | शेर बहादुर ताम्राकार | तिलकराम ताम्राकार | काठमाडौं म.न.पा.-२८, काठमाडौं | कामपा २२, न्युरोड, काठमाडौं | दिपा ताम्राकार | ओम ताम्राकार | शेर बहादुर ताम्राकार |
| २१. | **खड्ग बहादुर बस्नेत** ना.प्र.प.नं. ५६४७२२९६ पर्सा | शेर बहादुर वस्नेत | फत्ते बहादुर बस्नेत | मधुवन गाविस-३, पर्सा | कामपा २२, न्युरोड, काठमाडौं | गीता बस्नेत | खड्ग बहादुर बस्नेत | शेर बहादुर वस्नेत |
| २२. | **गुरु प्रसाद त्रिपाठी** ना.प्र.प.नं. ३०१०१२/१६५ काभ्रेपलाञ्चोक | श्रीकृष्ण त्रिपाठी | भानुभक्त त्रिपाठी | कोशी देरव गाविस-५, काभ्रेपलाञ्चोक | कामपा-२२, न्युरोड, काठमाडौं | | | |
| २३. | **रविन्द्र श्रेष्ठ** ना.प्र.प.नं. १६८४९/१००७६१ | जुजुकाजी श्रेष्ठ | गोविन्दमान श्रेष्ठ | धुस्कुन गाविस-९, सिन्धुपाल्चोक | कामपा-२२, न्युरोड, काठमाडौं | अर्जुन पाठक | | |
| २४. | **सोम बहादुर श्रेष्ठ** ना.प्र.प.नं. २९८७ सिन्धुपालचोक | भक्त बहादुर श्रेष्ठ | बज्र बहादुर श्रेष्ठ | लिस्ती गाविस-९, परिवर्तित: भोटेकोशी न.पा.-१, सिन्धुपाल्चोक | कामपा-१०, बुद्धनगर, काठमाडौं | | | |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १४४० |



**तरबुजाको व्यापार** धनुषाको मिथिला नगरपालिकाको मुख्यबजार केन्द्र ढल्केवरका तरबुजा व्यापारीहरूलाई भ्याइ नभ्याइ । पूर्व–पश्चिम राजमार्गमा हुइँकिने अधिकांश बस तथा निजी गाडीसमेत ढल्केवरमा रोकिन्छ र यात्रुहरूले तरबूजा किनेर लाने गर्दछन् । यहाँ दैनिक रु दस लाख भन्दा बढीको कारोबार हुने व्यापारीहरू बताउँछन् । *तस्बिरः अजयकुमार साह/रासस*

# ‘निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी सहकारी महासम्मेलनमा उनले महासंघले पनि कृषि उद्यम केन्द्र बनाएर पनि काम गरिरहेको र त्यसमा एक सयभन्दा बढी सहकारी संलग्न रहेको बताए । उनले निजी क्षेत्र र सहकारीबीच लगानी सहकार्यका लागि बाधा अड्चनका रूपमा रहेका ऐन-नियमलाई फुकुवा गर्नुपर्ने धारणा राखे ।

सहकारी क्षेत्रले रोजगारी सिर्जना, वित्तीय पुहँच, वित्तीय साक्षरता, बैंक तथा वित्तीय क्षेत्रमा तरलता सहज



गर्न र उत्पादनलगायत अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको ढकालको भनाइ छ ।

महासम्मेलनको तेस्रो दिन आज ‘ निजी, सार्वजनिक र सहकारीबीचको साझेदारीका लागि साझा मञ्च’ विषयमा बोल्ने अधिकांश वक्ताले यसअघि सार्वजनिक तथा निजी क्षेत्रबीच मात्रै साझेदारी हुने गरेको भए पनि अब सहकारीलाई पनि संलग्न गराउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले सरकारले निजी सार्वजनिक साझेदारी मोडल अगाडि सारे पनि अब सहकारी क्षेत्रलाई पनि त्यसमा समावेश गरिनुपर्ने भनाइ राखे । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सरकारले आफ्नो तर्फबाट काम गरिरहेको बताउँदै अर्थतन्त्रका तीन खम्बामध्ये एउटा खम्बा कमजोर भयो भने अर्थतन्त्र नै कमजोर हुने बताए ।

सहकारीको दिगोपनाका लागि स्वनियम तथा सुशासन कायम गर्ने मुख्य उद्देश्यले बिहीबारदेखि शनिबारसम्म सञ्चालित सहकारी महासम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा सरकारका प्रतिनिधि, जनप्रतिनिधि, सातै प्रदेशका सहकारीकर्मी, निजी क्षेत्रका प्रतिनिधि, गैरसरकारी संघ, विश्वविद्यालयका प्राध्यापक र अन्तर्राष्ट्रिय सहकारी अभियान्ताको गरी करिब एक हजार जनाको सहभागिता थियो । सम्मेलनमा नेपालको सहकारी अभियानको अवस्था, वर्तमान समस्या र चुनौतीको विषयमा छलफल गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट सहकारीका विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको छ ।

# आर्थिक रूपान्तरणमा सहकारीको महत्त्वपूर्ण योगदान : डा. रेग्मी

**काठमाडौं (प्रस)–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सामाजिक, आर्थिक रूपान्तरणमा सहकारीले महत्त्वपूर्ण योगदान पुऱ्याएको बताएका छन् ।

राष्ट्रिय सहकारी महासंघ तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी तेस्रो सहकारी सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्दै उनले सहकारी विस्तार भएका ठाउँमा आर्थिक, सामाजिक सुधार भएकाले मानव विकास सूचाङ्कमा सुधार ल्याउन पनि सहकारीको योगदान हुने धारणा राखे ।

डा. रेग्मीले भने, ‘सहकारी क्षेत्रले नेतृत्व विकास, स्वरोजगार, उद्यमशीलतामा विशेष योगदान गरेको छ, सहकारीको माध्यबाट उत्पादन वृद्धि गरेर आयात कम गराउन सकिनेछ ।’ केही सहकारीमा समस्या आउँदा सिंगो सहकारी बदनाम बन्न पुगेको उल्लेख गर्दै उनले सुरक्षित अवतरणका लागि सबैको सहयोग र योगदानको खाँचो औंल्याए ।

पूर्वसचिव गोपीनाथ मैनालीले स्वनियमन सिद्धान्त आदर्श भए पनि सहकारीका लागि आत्मा भएको बताए । उनले भने, ‘भित्रैको मान्छेले समस्या देख्ने भएकाले स्वनियमन महत्त्वपूर्ण हुन्छ, सदस्य नै ठूलो नियमक भएकाले चासो राख्नुपर्छ, नियमन गर्नुपर्छ ।’

काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा विनोदकृष्ण श्रेष्ठले बिग्रेका सहकारीलाई सही बाटोमा ल्याउन र स्वनियमन मात्र नभई नियमन पनि गर्न आवश्यक छ भने । राष्ट्रिय सहकारी महासंघका सञ्चालक डिबी बस्नेतले जानी जानी सहकारीलाई आफ्नो व्यवसाय बनाउनेलाई कारबाही गरिनुपर्नेमा जोड दिए । राष्ट्रिय सहकारी महासंघका पूर्वअध्यक्ष केशवप्रसाद बडालले सदस्यको पैसा संरक्षण गर्न सञ्चालक, व्यवस्थापन र लेखा समिति सक्रिय हुनुपर्छ भने ।

# ढोरपाटनमा प्याराग्लाइडिङको परीक्षण उडान

**बाग्लुङ (प्रस)–** बागलुङको ढोरपाटनमा प्याराग्लाइडिङको परीक्षण उडान सुरु भएको छ । नेपालको एक मात्र सिकारको केन्द्र ढोरपाटन उपत्यकामा शुक्रबारदेखि प्याराग्लाइडिङको परीक्षण उडान सुरु भएको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृति लिएर वडा नं ९ मा परीक्षण उडान थालिएको नगरपालिकाले जनाएको छ । पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले ढोरपाटनमा प्याराग्लाइडिङ परीक्षण उडान गर्न थालिएको नगरउपप्रमुख धनबहादुर कायतले जानकारी दिए । परीक्षण उडानका लागि नगरपालिकाले चालु आर्थिक वर्षमा रु तीन लाख विनियोजन गरेको थियो । उनले ढोरपाटनमा धेरै सम्भावना हुँदाहुँदै पनि पछि परेको भन्दै अब यहाँका सम्भावनाको खोजी र प्रवर्द्धनमा लाग्ने बताए ।

ब्लू स्काई प्याराग्लाइडिङ प्राली पोखराले परीक्षण उडान थालेको उपप्रमुख कायतको भनाइ छ । परीक्षणपछि प्याराग्लाइडिङ प्रालीले प्रतिवेदन नेपाल नागरिक उड्यन प्राधिकरणलाई बुझाउनेछ । शुक्रबार ढोरपाटनको मसिनधाराबाट उडान गरेर तल्लोचौरमा सफल अवतरण भएको थियो ।

प्याराग्लाइडिङ नियमति सञ्चालन हुन थाल्यो भने ढोरपाटन क्षेत्रको मुहार बदलिने र यहाँका स्थानीयको जनजीवनमा परिवर्तन आउने उपप्रमुख कायतको भनाइ छ ।

# रासायनिक मलको विकल्पमा जैविक मल

■ चन्द्रकला भण्डारी

**झापा–** खेतीपातीको समयमा मलको अभाव हुँदा धेरै किसान चिन्तित बनिरहेका बेला झापाका किसानले जनस्तरबाटै रासायनिक मलको विकल्प खोज्दै जैविक मल बनाउने अभियान सुरु गरेका छन् । झापामा ‘वेस्ट डिकम्पोजर’ प्रविधिबाट जैविक मल बनाउने अभियान लोकप्रिय बन्दै गएको छ ।

रासायनिक मलमा मुलुक पूर्णरूपमा परनिर्भर हुनुपर्दा किसानले चाहिएका बेला चाहिए जति मल कहिल्यै पाउन सकेका छैनन् । किसानलाई आवश्यक रासायनिक मल उपलब्ध गराउन नसकिने अवस्था हरेक सरकारको असफलताको मापन बन्ने गरेको छ । तर, प्रयास गर्ने हो भने मुलुकमै रासायनिक मलको खपत घटाएर जैविक मलमा आत्मनिर्भर बन्न सकिने सम्भावनालाई झापाका किसानले उजागर गरेका छन् ।

रासायनिक मलको प्रयोग न्यूनीकरण गर्न, माटोको उर्वरा शक्ति प्राकृतिक माध्यमबाटै वृद्धि गर्न र कृषि उत्पादनलाई विषादीमुक्त बनाउन भारतका कृषि वैज्ञानिक डा कृष्णचन्द्रले अनुसन्धानमार्फत प्रयोगमा ल्याएको ‘वेस्ट डिकम्पोजर’ प्रविधिलाई अनुकरण गर्दै अभियानका रूपमा प्रयोगमा ल्याइएको सुनगाभा अर्गानिक कृषि फार्मका सञ्चालक भीम कुँवर बताउँछन् ।

‘रासायनिक मलको विकल्प खोज्न ढिला भइसक्यो, आफ्नै स्रोत र साधनमा आधारित जैविक मल बनाउन सरकारले पनि प्रोत्साहित गर्नुपर्छ’, जैविक मल बनाउने र प्रयोगमा ल्याउने अभियानमा समर्पित कुँवर भन्छन्, ‘वेस्ट डिकम्पोजर यस्तो विधि हो जसलाई प्रयोगमा ल्याउँदा हाम्रो मुलुकमा एकातिर अर्ग्यानिक कृषि क्रान्ति हुन्छ भने रासायनिक मलका नाममा बर्सेनि विदेशिने अर्बौं रूपैयाँ जोगिन्छ ।’ नेपालमा जैविक मलका विषयमा चर्चा नभएको होइन । वर्षौंदेखि यसका लागि प्रयास भइरहे तापनि रासायनिक मलको निर्भरता झन् बढ्दो अवस्थामा छ । रासायनिक मलको अन्धाधुन्ध प्रयोगले माटोको उर्वराशक्ति ह्रास भइरहेको र कृषिका लागि आवश्यक पर्ने शुक्ष्म जीवको नाश भइरहेको जैविक मलका अभियन्ताहरू बताउँछन् ।

‘माटोमा जथाभावी रासायनिक मलको प्रयोग हानिकारक हुन्छ, यसलाई न्यूनीकरण गर्ने वा प्रतिस्थापन गर्ने सबैभन्दा सजिलो उपाय नै जैविक मलको उत्पादन हो’, जैविक मलका अभियन्ता कुँवर भन्छन् । वेस्ट डिकम्पोजर प्रविधिबाट उत्पादित मलले रासायनिक मलको प्रयोगले भन्दा दुगुना उत्पादन दिने भएकाले किसानका लागि यो बरदान सावित भइरहेको उनको अनुभव छ ।

### के हो त ‘वेस्ट डिकम्पोजर’ प्रविधि ?

भारतीय सरकारको स्वामित्वमा रहेको राष्ट्रिय जैविक खेती केन्द्रका पूर्वनिर्देशक एवं कृषि वैज्ञानिक डा कृष्णचन्द्रले बेद र कृषि विज्ञानको गहिरो अध्ययनपछि जैविक मल बनाउन ‘वेस्ट डिकम्पोजर’ प्रविधि पत्ता लगाएको अभियन्ता कुँवर दाबी गर्छन् ।

उनका अनुसार जुरो भएको भारतीय रैथाने गाईको गोबर र गहुतमा रहेको ८५ वटा ब्याक्टेरिया प्रयोगशालामा मिसाएर डा कृष्णचन्द्रले ‘वेस्ट डिकम्पोजर’ झोल बनाएका थिए । यसमा शरीरमा नष्ट हुन लागेको कोशिकालाई पुनःजागृत गर्ने क्षमता भएको व्याक्टेरिया पनि समिश्रण गरिएको उनले बताए । राइजोरियम, एजोटोब्याक्ट्रोल, एजोस्पिरिजमलगायतका ८५ प्रकारका व्याक्टेरियाको समिश्रण झोल नै ‘वेस्ट डिकम्पोजर’ हो । यसलाई दही बनाउन जोडन प्रयोग गरिए झैं जैविक मल बनाउन बीउ र मलका रूपमा प्रयोग हुँदै आएको छ । माटोलाई चाहिने सुक्ष्म जीव र बोटबिरुवालाई हुर्किन र फल्न हावा र मलमा पाइने तत्वलाई खानयोग्य बनाउने जीवाणुको घर नै ‘वेस्ट डिकम्पोजर’ हो ।

कुँवरका अनुसार २०० लिटर झोल मल बनाउन ५० एमएल बीउ ‘वेस्ट डिकम्पोजर’मा दुई केजी सख्खर मिसाएर कम्तीमा सात दिन बिर्को बन्द गरी ड्रममा राखिन्छ । त्यही झोलमा ब्याक्टेरिया फैलिएर जैविक गुणयुक्त मल निर्माण हुन्छ । यो मलमा नाइट्रोजन, फस्फोरसलगायतका तत्व प्रशस्तमात्रामा पाइन्छ । उनले बनाउनु मललाई ‘अमृत मल’ नामकरण गरेका छन् । उक्त मललाई एक कट्ठा खेतमा दुई सय लिटरका दरले सिँचाइ गरिन्छ । सिँचाइको पानीमा मललाई मिसाएर खेतमा मिसाउने पनि चलन छ । सोझै बालीबिरुवामा स्प्रे गरेरसमेत यो जैविक मल प्रयोग गर्न सकिने उनको भनाइ छ । यो विधिबाट उत्पादित तरकारी तथा फलफूल स्वादिलो र विषादीरहित हुने उनी बताउँछन् ।

### पालिकाले बनायो “कमल मल”

‘वेस्ट डिकम्पोजर’ प्रविधिमा आधारित भएर किसानलाई जैविक मलको प्रचलन गर्न प्रोत्साहित गर्ने पहिलो स्थानीय सरकार बनेको छ कमल गाउँपालिका । पालिकाले उत्पादित ‘वेस्ट डिकम्पोजर’ जैविक मललाई ‘कमल मल’को नाम दिएको छ ।

कमल गाउँपालिकाले ‘वेस्ट डिकम्पोजर’ प्रविधिमार्फत जैविक मल उत्पादन गरेर २०७६ सालदेखि पालिकाका किसानलाई निःशुल्क वितरण गरिरहेको पालिकाका कृषि शाखाका प्रमुख महेन्द्र बोहोराले बताए । भारतमा कृषि तालिममा जाँदा ‘वेस्ट डिकम्पोजर’ प्रविधिका बारेमा जानेको सीपलाई पालिकामा प्रयोगमा ल्याउँदा खुसी लागेको उनले बताए । गत वर्ष पालिकाले सातै वडामा एक लाख लिटर जैविक झोल मल वितरण गरेको थियो । पालिकाले कमल प्रांगारिक मल, कमल युरिया, जीवामृत मल, झारपातबाट र नीमको पातबाट मल उत्पादन गर्दै आएको छ ।

कृषि अनुसन्धान केन्द्र तरहरामा पालिकाले उत्पादन गरेको जैविक मलको ‘ट्रिटमेन्ट ट्रायल’ गराउँदा अन्य मलभन्दा चारगुणा ज्यादा प्रभावकारी पुष्टि भएको कृषि शाखाका प्रमुख बोहोराले बर्ता र ‘वेस्ट डिकम्पोजर’ विधिबाट बनाइएको जैविक मलको गुणस्तर अरु मलको तुलनमा ज्यादै प्रभावकारी सावित भएपछि किसान निकै आकर्षित हुनुभएको छ’, उनले भने, ‘हामी पालिकाका सबै किसानलाई जैविक मल उपलब्ध गराउन चाहन्छौं ।’

‘वेस्ट डिकम्पोजर’ मल प्रयोगबाट माटोको उपचार हुनुका साथै उत्पादन वृद्धि भएकामा किसानहरू खुसी छन् । उनीहरू राज्यले रासायनिक मललाई प्रतिस्थापन गर्न जैविक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्नुपर्ने बताउँछन् ।

मेचीनगर-१४ का किसान डिल्ली खतिवडाले तीन वर्षअघि यु-ट्युबबाट अर्गानिक खेतीको अध्ययन गर्दै जाँदा ‘वेस्ट डिकम्पोजर’का बारेमा थाहा पाएको बताए । उनको जागृत कृषि फार्म सञ्चालनमा रहेको छ । ‘मैले यही प्रविधिबाट अर्गानिक खेती गरिरहेको तीन वर्ष जति भयो’, उनले भने, ‘रासायनिक मलको जथाभावी प्रयोगले हाम्रो माटो बिरामी भइसकेको छ । ‘वेस्ट डिकम्पोजर’मा भएको व्याक्टेरियाले त्यो बिरामी माटोको उपचार गरेर उर्बर बनाउँदो रहेछ ।’ *रासस*

# फेवा नव वर्ष महोत्सवमा काठमाडौंबासीलाई निम्तो

■ प्रभाव संवाददाता

**काठमाडौं–** होटल संघ पोखरा नेपालको आयोजनामा यही चैत २९ गतेदेखि वैशाख १ गतेसम्म पोखराको लेकसाइडमा हुने १८औं संस्करणको फेवा नववर्ष महोत्सवमा काठमाडौंवासीलाई निम्तो दिइएको छ ।

नेपाली संस्कृतिको संरक्षण गर्दै नयाँ वर्षलाई धुमधामका साथ मनाउन लेकसाइडको फिस्टेल गेटबाट हल्लनचोकसम्म आयोजना हुने महोत्सवमा भाग लिन काठमाडौंवासीलाई आग्रह गरिएको हो ।

पर्यटन, संस्कृति र खानालाई जोड दिँदै आयोजना गर्न लागिएको महोत्सवको तयारी अन्तिम चरणमा पुगेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए ।

महोत्सवका अवसरमा संघअन्तर्गतका होटलले २० प्रतिशत छुटको समेत व्यवस्था गरिएको बताउँदै उहाँले यसले कोभिड-१९ पछि सुस्ताएको पर्यटनलाई पुनरुत्थान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

पोखरामा हाल होटलको क्षमताको ८० देखि ९० प्रतिशतसम्म पर्यटक हुनुपर्नेमा मुस्किलले ३० प्रतिशत रहेको उनले जानकारी दिए । पृथ्वी राजमार्गको सुस्त र अव्यवस्थित स्तरोन्नति एवं माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनाले यहाँको पर्यटन व्यवसाय प्रत्यक्ष प्रभावित बनेको उनको भनाइ छ ।

सन् २०२० मा भ्रमण वर्ष मनाउने नाममा सरकारले व्यवसायीलाई होटल क्षेत्रमा लगानी थप्न उक्साउँदा अहिले व्यवसायी समस्यामा परेको गुनासो गर्दै अध्यक्ष सुवेदीले भने, ‘बैंकले पनि ऋण लिन जोडबल गर्दा र सात प्रतिशतको ब्याज अहिले मनोमानीरूपमा १६ प्रतिशत पुऱ्याउँदा होटल क्षेत्र मारमा परेको छ ।’

होटल संघ नेपालका द्वितीय उपाध्यक्ष प्रवीणबहादुर पाण्डेले पोखरालाई साहसिक पर्यटनको राजधानीका रूपमा विकास गरिनुपर्ने बताए । पर्यटन व्यवसायले विदेशी मुद्रा भित्र्याउन मद्दत गर्ने स्मरण गराउँदै उनले यस क्षेत्रलाई उद्योग सरहको मान्यता सरकारले दिनुपर्ने माग गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ